

# चुलाचुली गाउँपालिकाको बालबालिका सम्वन्धी स्थिति प्रतिवेदन

२०८२





चुलाचुली गाउँकार्यपालिका

चुलाचुली गाउँपालिका

ईलाम



चुलाचुली गाउँपालिका
N
वडा नं .६
वडा नं .५
वडा नं .४
वडा नं .३
वडा नं .२
वडा नं .१
Legend
Name
वडा नं .१
वडा नं .२
वडा नं .३
वडा नं .४
वडा नं .५
वडा नं .६
Mapped By:
Nabin
1 inch = 3.28 Km
0 0.75 1.5 3 4.5 6
Km
87°36'0"E 87°38'0"E 87°40'0"E 87°42'0"E 87°44'0"E 87°46'0"E 87°48'0"E 87°50'0"E
87°37'0"E 87°39'0"E 87°41'0"E 87°43'0"E 87°45'0"E 87°47'0"E 87°49'30"E
26°54'30"N 26°52'30"N 26°50'30"N 26°48'30"N 26°46'30"N 26°44'30"N 26°42'30"N 26°40'30"N 26°38'30"N
26°54'0"N 26°52'0"N 26°50'0"N 26°48'0"N 26°46'0"N 26°44'0"N 26°42'0"N 26°40'0"N 26°38'0"N

प्रकाशक

चुलाचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चुलाचुली,ईलाम

प्रति :
प्रकाशन मिति : २०८२
सर्वाधिकार : गाउँस्तरीय बालअधिकार समिति, चुलाचुली गाउँपालिका

**संरक्षक**

श्री राजेन्द्र केरुङ
अध्यक्ष
चुलाचुली गाउँपालिका

**सल्लाहकार**

श्री दिलकुमारी योङहाङ, उपाध्यक्ष, चुलाचुली गाउँपालिका
श्री ..............................., प्रमुख प्रशासकिय अधिकृत, चुलाचुली गाउँपालिका
श्री रीता पोखरेल, बालकल्याण अधिकारी, चुलाचुली गाउँपालिका

**लेखन तथा सहजिकरण**

सुमन अधिकारी
समन्वय अधिकृत
राष्ट्रिय बालअधिकार परिषद्

स्वस्तिका पोख्रेल
कार्यकारी निर्देशक
एस.संकल्प नेपाल प्रा. ली.
काठमाण्डौ

## मन्तव्य

बालबालिकामाथिको लगानी नै सुन्दर र सुरक्षित भविष्यको थालनी हो । बालबालिकालाई प्राथमिकतामा राखी उनीहरुको हक अधिकारको संरक्षण गर्दै असल नागरिक बन्नेतर्फ उत्प्रेरित गरी यो गाउँ, समाज र देशको कार्यभार असल नागरिकमाथि सुम्पन पाइयोस् भन्ने लक्ष हामीजस्ता आजका नेतृत्वमा हुनै पर्दछ। नेपाल सरकारले संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धी १९८९ लाई सन् १९९० सेप्टेम्वर १४ ( वि.सं. २०४६ भदौ २९) मा अनुमोदन गरी नेपालको संविधानले बालबालिकाका हक हित र संरक्षणका विषयहरूलाई संवोधन गर्दै आएका छन् यसै सन्दर्भमा नेपालको संविधान २०७२ को धारा ३९ को कार्यान्वियनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७५, बालबालिका सम्बन्धी ऐन २०७५, बालबालिका सम्बन्धी नियमावली २०७८, बालबालिका सम्बन्धी राष्ट्रिय रणनीति कार्यान्वयन कार्यविधि २०६८, बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८, बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७९ जस्ता कानुनी तथा नीतिगत व्यवस्थाहरू भएका छन्। यी कानुनहरूले निर्देश गरेका विषयवस्तुहरूको कार्यान्वयन गर्नु वा भनौं बालबालिका सम्बन्धि भएका कानुनी व्यवस्थाको अक्षरस पालना गर्नु स्थानीय सरकारहरुको कर्तव्य हो । जसमा चुलाचुली गाउँपालिका परिवार सदैव सचेत छ।

बालबालिकाको हक अधिकार संरक्षण गर्दै बालबालिकामाथि हुने कुनै पनि किसिमका हिंसा तथा दुर्व्यवहारलाई जरैबाट उखेल्नेतर्फ हाम्रा नीत तथा कार्यक्रमहरु केन्द्रित रहेको अवस्था छ। हामीले गाउँपालिकालाई बालमैत्री गाउँपालिकाको रुपमा घोषणा गर्ने लक्ष राखी अगाडी बढेकोमा अघिल्लो वर्ष दुई वटा वडालाई बालमैत्री वडा घोषणा गरेका छौं भने यस आ.व. ०८१/८२ मा अर्को एउटा वडा घोषणाको अन्तिम चरणमा पुगेको छ। बालबालिकाको संरक्षण र उचित अभिभावकत्व उचित शिक्षा तथा स्वास्थ्यको अधिकारको सुनिश्चितता गर्न वार्षिक नीतिमा नै व्यवस्था गरी थुप्रै कार्यक्रमहरु अगाडी बढीरहेका छन्। यसरी हेर्दा हिजो भन्दा आज र आज भन्दा भोलि हामी निरन्तर सकारात्मक परिवर्तनको बाटोमा लम्किरहेका छौं।

बालबालिका सँग सम्बन्धित सबै संघीय तथा कोसी प्रदेशद्वारा जारी भएका कानुनहरुका सँगसँगै गाउँ सरकारबाटै जारी भएका चुलाचुली गाउँपालिकाको बाल अधिकार संरक्षण तथा सम्बर्धन सम्बन्धी कार्य सञ्चालन कार्यविधि २०७५, बालबालिका सम्बन्धी नीति २०७५ लगायतका कानुनको परिधिभित्र रही निरन्तर कृयाशील रहेका बालबालिकासँग सम्बन्धित संयन्त्रहरु वडा बाल अधिकार समिति, गाउँ बाल अधिकार समिति, विद्यालय बाल अधिकार समिति, बालमैत्री स्थानीय शासन वडा समिति, बालमैत्री स्थानीय शासन गाउँ समिति समेतलाई आभार व्यक्त गर्दै यी संयन्त्रहरु आगामी दिनमा अझ सक्रीयताका साथमा बालबालिकाका सवालहरुमा संवेदनशीलताका साथ कार्यरत रहने कुरा समेत जाहेर गर्दछु। यसका साथै बालमैत्री व्यवहारको प्रवर्धन घरैबाट हुन आवश्यक रहेको हुँदा चुलाचुलीबासी सबै नागरिकहरुमा आफ्ना बालबालिकाहरुलाई पहिलो प्राथमिकतामा राखी समयको परिवर्तनसँगै अभिभावकीय भूमिकामा हुने परिवर्तन समेतलाई आत्मसाथ गरी असल अभिभावकत्व प्रदान गर्न आह्वान गर्दै बालमैत्री पालिका निर्माणमा बालबालिका स्वयंको पनि उत्तिकै भूमिका रहेको हुँदा सबै बालबालिकाहरुलाई समेत बालबालिकाका कर्तव्य तथा आचारसंहिताप्रति चनाखो रहँदै बाल अधिकारको पूर्ण प्राप्तिका लागि अर्थपूर्ण सहभागीता रहोस्। शुभकामना व्यक्त गर्दछु।

राजेन्द्र केरुङ
अध्यक्ष
राजेन्द्र केरुङ
अध्यक्ष

# मन्तव्य

भोलिको सुरक्षित भविष्यका लागि आजको यात्रा उत्तिकै सुरक्षित हुनु पर्दछ र भोलिको सुरक्षित यात्राका लागि निपूर्ण चालकहरु उत्पादन गर्नु अझ महत्त्वपूर्ण विषय हो। बालबालिकाहरू भोलिको समाज र राष्ट्र हाँक्ने चालकहरू हुन्। चालकलाई सीप र क्षमताले भरिपूर्ण बनाउनु हाम्रो पहिलो कर्तव्य हो। यसै कुरालाई हृदयंगम गरी चुलाचुली गाउँपालिका विगत धुप्रै वर्षदेखि बाल अधिकार संरक्षण र संवर्धनको सवालमा अत्यन्त सचेततापूर्वक लागि रहेको अवस्था छ।

नेपालको संविधान, बालबालिका समबन्धी ऐन २०७५, नियमावली २०७८, बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका सँगसँगै पालिकाद्वारा निर्माण भएका बाल अधिकार संरक्षण तथा सम्वर्धन सम्बन्धी कार्य सञ्चालन कार्यविधि २०७५, बाल संरक्षण नीति २०७५, बाल विवाह विरुद्ध कार्यक्रम सञ्चालन खर्च कार्यविधि २०७५ जस्ता कानुन तथा नीतिहरूलाई आधार मानी हाम्रा हरेक क्रियाकलाप एवम् संरचनाहरू क्रियाशील रहँदै गर्दा हामीले पालिकाभित्रका दुई वटा वडाहरू (वडा नं ३ र ५) लाई बालमैत्री वडाको रूपमा घोषणा गर्न सफल भएका छौँ । भने आ.व.०८१/०८२ मा थप अर्को एक वडा(वडा नं २) लाई बालमैत्री वडा घोषणाको संघारमा पुर्याएका छौँ । यसबीचमा बाल अधिकार संरक्षणको क्षेत्रमा साना ठुला थुप्रै इटा थप्न सक्षम बनेकको अनुभाव मैले गरेकी छु।

बाल अधिकार संरक्षण र सम्वर्धनका लागि बनेका सबै खाले संरचनाहरुलाई मजबुत एवम् गतिशील बनाउने क्रममा बालबालिका सम्बन्धी ऐन २०७५ ले गरेको व्यवस्था बमोजिम मरो आफ्नै संयोजकत्वमा गठित गाउँ बाल अधिकार समिति आफ्नो काम, कर्तव्य र अधिकारको परिपालनामा हिजो जस्तै आज पनि संवेदनशील छ। र बाल अधिकार संरक्षण एवम् संवर्धनका क्षेत्रमा हाम्रो कार्य सम्पादन उत्तिकै संवेदनशीलताका साथ निरन्तर रहने छ । यसरी काम गरिरहँदा हामीले गरेका कामहरु, थप आवश्यकताका विषयहरु, गाउँपालिकाभत्रि बालबालिकाको आजको वास्तविक अवस्था सबैले थाहा पाउनु पर्छ भन्ने कुरालाई मध्यनजर गरी बालबालिकासँग सम्बन्धि वास्तविक सूचना, तथ्याङ्क तथा प्रगति विवरण जान्न पाउने स्वयम् बालबालिका, अभिवभाक तथा सम्पूर्ण सरोकारवालहरूको अधिकारलाई सुरक्षित गर्न चुलाचुली गाउँपालिकाको दोस्रो बाल स्थिति प्रतिवेदन २०८२ सार्वजनिक गरेका छौँ। यहाँसम्म आइपुग्दा हाम्रो यात्रामा सदैव कृयाशील बाल अधिकारसमितिका पदाधिकारीज्यूहरु सबै सबैमा धन्यवाद ज्ञापन गर्दछु । गाउँपालिकाका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सिंगो कार्यपालिकाको टीम, सबै विषयगत शाखाका शाखा प्रमुख तथा कार्मचारीज्यूहरु, वडा अध्यक्षज्यूहरु, वडा सचिवज्यूहरु, सिंगो वडा समिति, वडा बाल अधिकार समिति, बालमैत्री स्थानीय शासन वडा तथा गाउँ समिति, विद्यालय बाल अधिकार समितिहरु, प्रहरी चौकी पेल्टिमारी, सबै बालक्लवहरु, वडा बाल सञ्जालहरु, गाउँ बाल सञ्जाल लगायत सरोकारवाला सबैमा आभार व्यक्त गर्दै यो अनवरत यात्रामा सदैव सक्रीय रहन सबै संयन्त्र एवम् सबै पक्षमा अनुरोध गर्दछु।

बालमैत्री पद्धती र व्यवहार समृद्ध चुलाचुलीको आधार भन्ने हाम्रो नारालाई साकार पार्न चुलाचुली गाउँ सरकारसँगै सम्पूर्ण चुलाचुली बासीको हातेमालो अपरिहार्य छ। जसका लाग हाम्रा सबै नागरिकहरु रचनात्मक सहकार्य गर्न सदैव तत्पर हुनुहुन्छ भन्ने पूर्ण विश्वास लिएकी छु। बालमैत्री व्यवहार कुनै निर्दिष्ट समयमा सम्पन्न हुने कार्यक्रम नभई यो मानवीय जीवनको दैनिकी हो। यसर्थ हाम्रा नानी बाबुहरुको स्वभाव र भोलिको भविष्य आजको अभिभावकीय व्यवहारले रेखाङ्कित गर्ने हुँदा बाल मस्तिष्कको संवेदनशीलतालाई महसुस गरी बालमैत्री व्यवहार प्रवर्धन गर्दै चुलाचुली गाउँपालिकालाई पूर्ण बालमैत्री गाउँपालिका निर्माण गर्ने दिशातर्फ अग्रसर हुन सबैमा आह्वान गर्दछु।

दिल कुमारी लिम्बु योङहाङ
उपाध्यक्ष एवम् बाल अधिकार समिति संयोजक

# मन्तव्य

सबल, स्वस्थ एवम् क्षमतावान बालबालिकाहरु नै भोलिको सुन्दर राष्ट्र निर्माणका आधार स्तम्भ हुन् । यसर्थ वर्तमानमा बालअधिकारको संरक्षण एवम् अधिकार प्रयोग गर्न पाउने वातावरणको सुनिश्चितता गर्नु तीनै तहका सरकारको कर्तव्य हो । नेपालले संयुक्त राष्ट्रसंघीय बाल अधिकार सम्बन्धि महासन्धी १९८९ लाई अनुमोदन गर्दै महासन्धीको पक्ष राष्ट्र भएको ३४ वर्ष पूरा भएको छ । यस बीचमा बाल अधिकार संरक्षण एवम् सम्वर्धनका क्षेत्रमा थुप्रै कामहरु भएका छन् । यद्यपी पूर्ण रुपमा बाल अधिकारको सुनिश्चितताका लागि भने अझै थुप्रै काम गर्न बाँकी रहेको छ ।

नेपालको संविधानले बाल अधिकारका ४ पक्षहरु बाल बचाउ, बाल संरक्षण, बाल विकास एवम् बाल सहभागीतालाई मैलिक हका रुपमा राखेको छ । त्यस्तै गरी बाल अधिकारको सम्मान एवम् पूर्ण कार्यान्वयका लागि बालबालिका सम्बन्धि ऐन २०७५ एवम् नियमावली २०७८ कार्यान्वयनमा छन् । उल्लिखित कानुनहरुको कार्यान्वयनकै सिलसिलामा चुलाचुली गाउँपालिकामा पनि बाल अधिकार संरक्षण तथा सम्वर्धन सम्बन्धी कार्य सञ्चालन कार्यविधि २०७५ बाल संरक्षण नीति २०७६ जारी भई लागू भएका छन् । यस पालिकामा बाल अधिकारको संरक्षण एवम् संवर्धनको सवालमा अधिकांश संरचनाहरुको व्यवस्थापन एवम् क्रियाशीलता रहेको छ। यसै क्रममा बालबालिका सम्बन्धी नियमावली २०७८ को नियम ९९(३) ले गरेको व्यवस्था बमोजिम बालबालिकाको वर्तमान अवस्थाको बारेमा जानकारी पाउने स्थानीय नागरिकहरुको सूचनाको हकलाई सुनिश्चित गर्दै गाउँपालिकाले बालबालिका सम्बन्धि सूचना संकलन, तथ्यकाङ्क तथा विवरणहरूको समायोजन, प्रशोधन एवम् विश्लेषण गरी आ.व. ०८१/०८२ को बालबालिका सम्बन्धी स्थानीय स्थिति प्रतिवेदन प्रकाशन गरेको छ । यसबाट गाउँपालिकाभित्र बालबालिकाको अवस्था, बालबालिका सम्बन्धी काम गर्ने संस्थागत संरचनाको कार्यप्रगति , बालमैत्री स्थानीय शासन कार्यक्रमको कार्यान्वयनको अवस्था, आदि बारे जानकारी प्राप्त हुनुका साथै प्रदेश सरकार तथा सङ्घीय सरकारबाट प्रकाशन हुने बालबालिका सम्बन्धी समग्र स्थिति प्रतिवेदनका लागि एउटा आधार तयार हुनेछ । यो स्थिति प्रतिवेदन तयारीका लागि सक्रियतापूर्वक खटिएर काम सम्पन्न गर्ने सम्बद्ध सबैमा आभार व्यक्त गर्दछु । साथै आगामी दिनमा बालबालिकाका सवालहरूमा अझ गहन अध्ययन गर्ने वातावरण तयार गरी थप परिष्कृत रूपमा बालबालिका सम्बन्धी स्थानीय प्रतिवेदन वार्षिक रूपमा निरन्तर सार्वजनिक गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

पछिल्लो दिनमा यस पालिकाको बालबालिका सम्बन्धि तथ्याङ्क हेर्दै गर्दा बाल यौन दुर्व्यवहारका घटनाहरु बढेको देखिएको छ । यो अत्यन्त दुखद् विषय हो । यस्ता दुर्व्यवहारका घटनाहरुबाट बालबालिकालाई बचाई बालबालिकाको सुरक्षा एवम् संरक्षण गर्नु बालबालिकाका स्वयंका अभिभावक, समाज हुँदै स्थानीय सरकार समेतको गहन दायित्व भएको हुँदा यसतर्फ सचेत रहँन सरोकारवाला सबैमा अनुरोध गर्दै बाल अधिकार संरक्षण एवम् सम्वर्धनका लागि अर्थपूर्ण बाल सहभागीता सहितको बालमैत्री व्यवहार कार्यम गर्ने/गराउनेतर्फ चुलाचुली गाउँपालिका सदैव संवेदनशील रहेको समेत जानकारी गराउँदै बालमैत्री व्यवहार प्रवर्धन गरी पालिकालाई बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्ने अभियानमा सबै सरोकारवाला पक्षको सक्रीय सहभागीताको अपेक्षा गर्दछु ।

विकास वि.क.
प्रमुख प्रशासकीय अधिकृत

विकाश वि.क.
प्रमुख प्रशासकीय अधिकृत

## मन्तव्य

बालबालिका हाम्रो समाजको उज्ज्वल भविष्यका आधारस्तम्भ हुन् । उनीहरूको अधिकारको संरक्षण, सुरक्षा र सर्वाङ्गीण विकास सुनिश्चित गर्नु हाम्रो नैतिक, कानुनी र मानवीय दायित्व हो । बालबालिकाका हक अधिकारहरूलाई मौलिक हकको रूपमा संविधानतः राज्यले परिभाषित गरेसँगै नेपालको संविधान २०७२ को धारा ३९ को कार्यान्वयनका लागि तयार भएका सबै कानुनी तथा नीतिगत व्यवस्थाहरूले बालबालिकाको हक अधिकार संरक्षण, क्षमता विकास एवम् अर्थपूर्ण सहभागितालाई जोड दिएका छन् जसको कार्यान्वयन तीनै तहका सरकारबाट भइरहेको छ र निरन्तर हुनु पर्दछ ।

बालबालिका सम्बन्धी नियमावली २०७८ को नियम ९१(३) लाई कार्यान्वयन गर्ने सन्दर्भमा चुलाचुली गाउँपालिकाले बालबालिको स्थानीय स्थिति प्रतिवेदन २०८२ प्रकाशन गरेको छ, जुन हाम्रो पालिकाको दोस्रो प्रयास हो । यसले पालिकाभित्रका बालबालिकाको वर्तमान अवस्था, उपलब्धि, चुनौती र आगामी कार्यदिशालाई केही हदसम्म प्रतिबिम्बित गरेको महसुस गरेकी छु । यस वर्षको प्रतिवेदनले केही सकारात्मक प्रगतिहरू देखाएको छ । शिक्षा, स्वास्थ्य, बाल सुरक्षा र सहभागितामा स्थानीय तहको पहल क्रमशः मजबुत बन्दै गएको अवस्था छ भने सँगसँगै केही संवेदनशील चुनौतीहरू पनि प्रष्ट देखिएका छन्, जसमध्ये बाल यौन दुर्व्यवहारका घटना वृद्धि हुनु एक गम्भीर चिन्ताको विषय हो । यसले हामी सबैलाई अझ सजग, उत्तरदायी र सक्रिय भएर काम गर्न प्रेरित गरेको छ । जसका लागि महिला बालबालिका तथा समाजकल्याण शाखा प्रतिबद्ध रहँदै आम अभिभावकज्यूहरुसँग बालबालिकाप्रति संवेदनशील रही बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागीताका निम्ति हाम्रो सहकार्य बनिरहोस् भन्ने अनुरोध समेत गर्दछु ।

हामी निरन्तर बालमैत्री पालिका निर्माणको दिशामा अघि बढिरहेका छौं । यसै वर्ष तेस्रो वडा बालमैत्री वडा घोषणा हुन गइरहेको छ, यो यात्रा सजिलो छैन, तर स्थानीय सरकार, समुदाय, अभिभावक, विद्यालय र स्वयं बालबालिकाको सक्रिय सहभागिता निरन्तर रहने हो भने हामीले लक्ष्य प्राप्त गर्नेमा कुने शंका गर्नु पर्ने छैन । । यस प्रतिवेदनले नीतिगत निर्णय, कार्यक्रम निर्माण र कार्यान्वयनमा बलियो आधारभ प्रदान गर्नेछ भन्ने अपेक्षा राख्दै, यसलाई तयार गर्न तथ्याङ्क उपलब्ध गराई अमूल्य सहयोग गर्नुहुने शिक्षा युवा तथा खेलकुद शाखा, स्वास्थ्य शाखा, पञ्जिकरण शाखा, सूचना प्रविधि शाखा, पेल्टिमारी प्रहरी चौकीप्रति हार्दिक आभार व्यक्त गर्दछु । यो प्रतिवेदन लेखनमा सहजीकरण गर्नुहुने राष्ट्रिय बाल अधिकार परिषद् बालबालिका खोजतलास समन्वय केन्द्रका समन्वय अधिकृत सुमन अधिकारी तथा बालमैत्री स्थानीय शासन प्रवर्धनका लागि परामर्श प्रदान गर्दै आएको संस्था एस् संकल्प नेपालप्रति पनि आभार व्यक्त गर्दछु ।

बाल अधिकार संरक्षण र सम्वर्धनलाई पहिलो प्राथमिकतामा राखी काम गर्नका लागि महिला बालबालिका तथा समाजकल्याण शाखालाई नियमित मार्गदर्शन गर्नुहुने गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, ६ वटै वडाका वडाअध्यक्षज्यूहरुसहतित कार्यपालिकाको सिङ्गो टीम एवम् प्रमुख प्रशासकीय अधिकृतज्यूप्रति सदैव कृतज्ञ छु । हाम्रो काममा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहकार्य, समन्वय एवम् सहयोग उपलब्ध गराउने पालिकाका सबै शाखाहरु, वडा कार्यालयहरु, विद्यालयहरु, सम्पूर्ण जनप्रतिनिधिज्यूहरु बालक्लव तथा सञ्जालहरु, आम अविभावक, बालबालिकाका क्षेत्रमा तीनै तहमा कार्यरत संस्था एवम् निकायहरु, चुलाचुली बासी आम नागरिक समेतमा कृतज्ञता ज्ञापन गर्दछु । बालबालिकाको सुरक्षित, स्वस्थ र सम्मानजनक जीवनका लागि हाम्रो प्रतिवद्धता निरन्तर रहिरहनेछ । यस कार्यमा सबै पक्षको निरन्तर समन्वय,सहकार्य एवम् सहयोगको अपेक्षा समेत गर्दछु ।

रीता पोख्रेल

बालकल्याण अधिकारी

रीता पोखेल

बाल कल्याण अधिकारी

CS Scanned with CamScanner

## स्थिति प्रतिवेदनको सन्दर्भमा

संयुक्त राष्ट्र संघीय महासभाबाट पारित बाल अधिकार सम्वन्धी महासन्धि( Convention of the rights of the children, CRC) लगायत अन्य अन्तराष्ट्रिय तथा क्षेत्रीय सन्धि, अभिसन्धि एवं आलेखहरुका प्रावधानहरु तथा दिगो विकास लक्ष्य(SDGs) लाई नेपालले प्रतिवद्धता जनाईसकेको छ । यी नै प्रतिवद्धता कार्यान्वयनका लागि नेपाल सरकारले संवैधानिक, कानूनी, नीतिगत संरचनागत तथा कार्यक्रमगत व्यवस्था गर्दै आएको छ । बालअधिकार महासन्धि १९८९लाई नेपालले सन १९९० सेप्टेम्वर १४ ( वि.सं. २०४७ भाद्र २९ मा अनुमोदन गरी बालअधिकारको पक्षमा आफुलाई उभ्याएको छ ।

चुलाचुली गाउँपालिकालाई बालमैत्री गाउँपालिकाको रुपमा घोषणा गर्नका लागि आवश्यक औजारको रुपमा रहेको बालबालिकाको स्थिति प्रतिवेदन गत वर्षवाट नियमित रुपमा प्रकाशन गर्दै आईरहेको सन्दर्भमा यस वर्षपनी बालबालिका सम्वन्धी ऐन, २०७५ ले व्यवस्था गरे अनुरुप बालअधिकारसँग सम्वन्धित विविध सूचना तथा तथ्याङ्कहरुलाई संकलन र प्रशोधन गरी प्रकाशन गरिएको छ । यस प्रतिवेदनमा भएका सूचना, तथ्याङ्क एवं विवरणहरुवाट चुलाचुली गाउँपालिकाको बालबालिका सम्वन्धीको अवस्थालाई दर्साउन खोजिएको छ । यसमा समाविष्ट गरिएका सुचनाहरु राष्ट्रिय जनगणना, २०७८, शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयको फ्लेस रिपोर्ट, २०७९, चुलाचुली गाउँपालिकाका विषयगत शाखाहरुवाट प्राप्त सुचनाहरु, गाउँपालिकाको पार्श्वचित्र, र केन्द्रिय तथ्याङ्क विभागवाट समेत सुचनाहरु प्राप्त गरी यो प्रतिवेदन तयार गरिएको छ ।यस स्थिति प्रतिवेदनले गाउँपालिकाको बालबालिकाहरुको सुचकहरु बालमैत्री अभियान सुरु गर्दाका अवस्था र घोषणाको अवधिमा प्राप्त हुने नतिजालाई तुलनात्मक अध्ययन गर्ने आधार वन्ने देखिन्छ ।गतवर्ष गाउँपालिकाले निर्दिष्ट गरेका २ वटा वडाहरु बालमैत्री घोषणा भई यस आ.व.मा थप एक वडा बालमैत्री घोषणाका लागि तयारी अवस्थामा रहेको छ । यि सबै कार्यहरु बालबालिकाको संरक्षण, विकास, वचाउँ र सहभागिताको अधिकारलाई सुनिश्चित गर्नको लागि प्रवन्ध गरिएको छ ।

नेपालको बालबालिका सम्वन्धी ऐन, २०७५ र बालबालिका सम्वन्धी नियमावली, २०७८ को नियम ८२(ठ) ले हरेक स्थानीय तहले बालबालिका सम्वन्धी स्थिती प्रतिवेदन प्रकाशन गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । त्यसैगरी बालमैत्री स्थानीय शासन राष्ट्रिय निर्देशिका, २०७८ को संस्थागत सुचकमा बालबालिकाको स्थिती प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था भए वमोजिम यो अवस्था प्रतिवेदन तयार गरी प्रकाशन गरिएको छ । यस प्रतिवेदनले चुलाचुली गाउँपालिकाको बालबालिकाहरुको अवस्था चित्रण गरी लगानी गर्नुपर्ने क्षेत्रहरुको पहिचान गरी योजना निर्माणमा सघाउ पुर्याउने छ भन्ने विश्वास लिएका छौ ।

यस कार्यमा सहयोग गर्नुहुने यस गाउँपालिकाका अध्यक्षज्यू, उपाध्यक्षज्यू, प्रमुख प्रशासकिय अधिकृतज्यू, बालकल्याण अधिकारी, स्वास्थ्य शाखा, शिक्षा शाखा, महिला तथा बालवालिका शाखा, योजना शाखा, राजनैतिक दल, सरोकारवाला साझेदार संघ संस्थाहरु, लक्षित समुह, विद्यालयहरु, बाल क्लव तथा बाल संजाल, गाउँपालिकाका सम्पूर्ण कर्मचारी, पत्रकार तथा सम्पुर्ण जनप्रतिनिधिहरु लगायत बालबालिकाको क्षेत्रमा कार्यरत सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछौ ।

सहजकर्ताको तर्फबाट

सुमन अधिकारी
प्रदेश समन्वय अधिकृत
राष्ट्रिय बालअधिकार परिषद

स्वस्तिका शर्मा
कार्यकारी निर्देशक
एस.संकल्प नेपाल प्रा.ली.

# विषय सुची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १ | जिल्लाको परिचय | १ |
| २ | चुलाचुली गाउँपालिकाको परिचय | १ |
| ३ | भौगोलिक स्वरुप तथा सिमाना | २ |
| ४ | राजनैतिक तथा प्रशासनिक अवस्थिति | २ |
| ५ | स्थिति प्रतिवेदनको पृष्ठभुमी | ३ |
| ६ | स्थिति प्रतिवेदन तयार गर्नुको उद्धेश्य | ३ |
| ७ | स्थिति प्रतिवेदन तयार गर्न अपनाईएका विधीहरु | ३ |
| ८ | प्रतिवेदनमा समाविष्ट भएका विषयहरु | ४ |
| ९ | बालबालिका सम्वन्धी नीतिगत व्यवस्था | |
| | नेपालको संविधानमा बालबालिका सम्वन्धी व्यवस्था | ५ |
| १० | बालबालिका सम्वन्धी ऐन,२०७५ र | |
| | अन्य सम्वन्धित केही ऐनहरु | ५ |
| ११ | बालबालिका सम्वन्धी योजना,कार्ययोजा तथा | |
| | नीति तथा कार्यक्रम | ६ |
| १२ | क्षेत्रगत सुचना विश्लेषण | |
| | गाउँपालिकाको आधारभुत तथ्यांक | ७ |
| ११ | चुलाचुली गाउँपालिकाको उमेरगत जनसंख्या | ७ |
| १२ | गाउँपालिकाको जातिगत तथा धार्मिक | |
| | रुपमा समाविष्ट घरधुरीको अवस्था | ७ |
| १३ | गाउँपालिकाको बालबालिका सम्वन्धी जनसंख्या | ७ |
| १४ | बालबचाउँ, गर्भवती र गर्भवती स्वास्थ्य परिक्षण | ९ |
| १५ | बालसंरक्षण | ११ |
| १६ | बालविकास | १५ |
| १७ | बालसहभागिता | २० |
| १८ | संस्थागत प्रवन्ध | २२ |
| १९ | निश्कर्ष | २७ |
| २० | सन्दर्भ सामग्री | २९ |

# चुलाचुली गाउँपालिका
# चुलाचुली,ईलाम
# बालबालिकाको स्थिति प्रतिवेदन,२०८२
# परिच्छेद १

**१.१.जिल्लाको परिचय :**

मुलुकको पछिल्लो राजनैतिक विभाजन अनुसार कोसी प्रदेशमा पर्ने चौध जिल्लामध्ये इलाम एक हो । मुलुकको सुदूरपूर्वमा १७०३ वर्ग किलोमिटर क्षेत्र ओगटेको पहाडी जिल्ला इलामको उत्तरमा पाँचथर, दक्षिणमा झापा, पश्चिममा पाँचथर र मोरङ जिल्लाहरु अनि पूर्वमा भारतको पश्चिम बङ्गाल अन्तर्गत दार्जिलिङ्ग जिल्ला पर्दछ ।इलामको पुरानो नाम खलङ्गा भएको केही प्राचीन लेखहरूमा उल्लेख छ । इलामको नामाकरणको सम्वन्धमा एतिहासिक, भौगोलिक, प्राकृतिक मानव शास्त्रीय आदि दृष्टिकोणले अध्ययन हुन बाँकी नै छ । तर पनि यसको नामाकरणका सम्वन्धमा निम्न अनुमानहरु लगाउने गरिन्छ ।

इश्वीको १३०० वर्ष अघि पर्सिया (हालको इरान) का इलाम बंशी राजाले दक्षिण पश्चिम पर्सियाका काशी बंशी राजालाई विजय गरी सदाकालागि देश निकाला गरे र तिनीहरु पूर्वतर्फ लागे । तिनै मानिसहरु याहाँ आई बसोबास गरे र आफ्नो जन्मभूमिको सम्मानमा यो ठाउँको नामपनि इलाम राखे ।

इलामको अर्थ लेप्चा भाषामा पुत्का (एक प्रकारको मौरी) को मह हुन्छ, भने लिम्बु भाषामा घुमाउरो बाटो हुन्छ ।

प्राचिन शास्त्रीय मत अनुसार राजा सरियातिले पुत्र प्राप्तिका लाग हालको माईपोखरीमा पुत्रेष्ठि यज्ञ गरे । उनकी पत्नि छोराको सट्टा छोरी चाहन्थिन र यज्ञ गर्ने ब्राम्हणलाई खुसुक्क छोरी जन्मने यज्ञ गरिदिन आग्रह गरिन । ब्राम्हणहरुले पनि रानीको आग्रह अनुरुप छोरी जन्मने यज्ञ गरिदिए र छोरी (इला) जन्मिन । छोरी जन्मेको देखेर राजा सरियाती इलामा (इला-छोरी र मा चाहिदैन) इलामा भन्न थाले । यही इलामा पछि इलाम भयो भन्ने पनि भनाइ छ ।

नेपाल एकीकरण पूर्व दश लिम्वुवानको एक अंग स्वशासित प्रशासनमा रहेको थियो । यसक्षेत्रको सदरमुकाम नागरिगढीमा थियो । सुगौली सन्धिपछि २ वर्ष करफोक (लाप्चा भाषामा ढुकुर बस्नेठाउँ) मा वसेपछि विक्रम सम्वत १८७५ मा सदरमुकाम इलामडाँडामा सारियो । त्यसैले यो एकीरणकै समयदेखिको पुरानो सदरमुकाम कायम रहिरहेको जिल्ला पनि हो । नागरिगढीका पहिलो सुब्बा (प्रशासकीय प्रमुख) जयन्त खत्रीले नै सदरमुकाम करफोक हुदै इलाम डाँडामा सारेका थिए ।

महाभारत र शिवालिक पर्वत शृङ्खलाको पूर्वदक्षिण काखमा अवस्थित नेपालको सुदूरपूर्वी पहाडी जिल्ला इलाम वास्तवमै प्राकृतिक दृष्टिले रमणीय छ । यहाँको चियाबारी, हरियाली, सानाठूला नदीनाला, पोखरी, मठमन्दिर, पर्वतीय शिखरहरु (श्री अन्तु, सन्दकपूर, सिध्दिथुम्का आदि) तथा अन्य प्राकृतिक सुन्दरता आदिले पर्यटकलाई आकर्षण गरिरहेका छन् । प्रकृतिको वरदानको रुपमा रहेको यहाँको उर्वर भूमि एवम् पौरखी कृषकहरूको अथक मेहनतले गर्दा यो जिल्ला कृषि उत्पादनमा अग्रणी मानिन्छ । सांस्कृतिक, र प्राकृतिक पक्षहरूमा समृद्ध यो जिल्ला'पूर्वी पहाडकी रानी", नगदेबालीको खानी,जस्ता उपनामले चिनिन्छ । इलाम जिल्लालाई विभिन्न 'अ' (हाल आठ) 'अ को जिल्ला भनेर चिनिने गरेको छ । 'अ' को अर्थ अलैंची, अदुवा, अर्थोडक्स चिया, अकबरे खुर्सानी, ओलन, अम्रिसो, आलु र आतिथ्यले परिभाषित गरिन्छ । हाल किवि फलको उत्पादन पनि बढिरहेको छ ।

पूर्वपश्चिम राजमार्ग अन्तर्गत झापाको चारआलीबाट मेची राजमार्गमा ७८ किलोमिटरको दूरी पार गरेपछि इलाम सदरमुकाम पुगिन्छ । भारतको दार्जिलिङसँग सीमा जोडिएको इलाममा हल्का भिराला पहाड, ससाना थुम्काथुम्कीमा देखिएको हरियाली एवं स्वच्छ हावापानीबाट पर्यटकहरू आकर्षित हुने गर्छन् । मनै लोभ्याउने प्राकृतिक सौन्दर्य नै यहाँको प्रमुख आकर्षण मानिन्छ । सन्दकपुर, छिन्तापु, श्रीअन्तु, सिद्धिथुम्काजस्ता रमणीय पहाडहरू यस जिल्लामा रहेका छन् । जहाँ सयौं प्रजातिका चराहरू तथा विश्वकै दुर्लभ मानिएका रेड पाण्डा, दुम्सी, सालक लगायतका जनावरहरू पाइन्छ । यहाँका ऐतिहासिक बौद्ध गुम्बा, मन्दिर तथा लोपोन्मुख लाप्चा जातिका साथै राई, लिम्बु लगायतका अन्य जातजातिको संस्कृति नै इलामको सांस्कृतिक आकर्षण र पहिचान हो । विभिन्न जातजातिको आवासभूमि इलाम सांस्कृतिक रूपले अनेकतामा एकताको थलोका रूपमा पनि चिनिन्छ । लाप्चा, लिम्बू, राई, तामाङ, गुरूङ, शेर्पा, क्षेत्री, ब्राह्मण, नेवार आदि सम्प्रदायका मानिस यस जिल्लामा बसोबास गर्छन् । धान नाच, च्याब्रुङ, चण्डी नाच, मारुनी नाच, बालन, सगिँनी, डम्फु नाच आदि यहाँका जातीय सांस्कृतिक परम्परा हुन् ।

समुद्री सतहबाट १४० मिटर उचाइको तराईदेखि उत्तरतिर चुरे पहाड, मध्यपहाड हुँदै ३६३६ मिटरको उच्च पहाडसम्म पुग्ने इलामे धर्तीमा उचाइ अनुसारकै विविध प्रकारको हावापानी पाइन्छ । त्यसैले इलाम जैविक विविधतामा पनि धेरै धनी छ । विभिन्न नगदे बालीका लागि चर्चित इलाम जिल्ला नेपालमा चियाको आदि थलो हो । इलाम बजारको पश्चिम उत्तरी भागमा रहेको चिया कमान नेपालको पहिलो संगठीत कृषि उद्योग हो । यहाँ रहेको चिया कारखाना नेपालको जेठो औद्योगिक कारखाना हो जसबाट बि. सं. १९३५ मा नै प्रशोधित चिया बजारमा ल्याइएको थियो । अलैंची, आलु, अम्लिसो, अदुवा, दूध, किबी फल र विभिन्न प्रकारका जडिबुटी उत्पादनका लागि कहलिएको इलाम हरित कृषिको जिल्ला हो । अत्यन्त आकर्षक र मनमोहक

प्राकृतिक सुन्दरताले भरिपूर्ण इलाम नेपालकै उत्तम पर्यटकीय गन्तव्यमा पर्दछ । विविध जात जातिको बसोबास रहेको इलाममा प्राचिन मठ मन्दिर र गुम्बाहरु सांस्कृतिक धरोहरका रूपमा रहेका छन् । लेप्चा जातिको बसोबासो नेपालमा इलाम जिल्लामा मात्रै छ । निकै प्रजातिका चरा, विभिन्न किसिमका पुतली र रेड पाण्डाको वासस्थान रहेको इलाममा प्राकृतिक पोखरी पनि उल्लेख्य मात्रामा छन् । इलामको हाँसपोखरी क्षेत्रलाई सुनगाभाको स्वर्ग भनेर चिनिन्छ । इलामकै उत्तरी भागमा उद्गमस्थल रहेका र दक्षिणतिर बग्ने चार माई खोलाका कारण पुराना मानिस अद्यापि इलामलाई चारखोल भन्ने गर्दछन् ।

हालको **इलाम जिल्ला** नेपाल एकीकरण हुनु भन्दा अगाडि राई र लिम्बु जातिहरूको किराँत राज्य थियो। त्यसमा पनि प्राचिन समयमा लिम्बु जातिहरूकै बाहुल्यता भएकाले इलाम जिल्लाको नामाकरण लिम्बु भाषाबाट भएको मानिन्छ। महाभारत र शिवालिक पर्वत श्रृंखलाको पूर्व दक्षिण काखमा अवस्थित नेपालको सुदूर पूर्वी पहाडी जिल्ला इलाम बास्तवमै प्राकृतिक दृष्टिले रमणीय छ। यहाँको चियाबारी, हरियाली, साना-ठूला नदी-नाला, पोखरी, मठ-मन्दिर, पर्वतीय शिखर तथा अन्य प्राकृतिक सुन्दरता पर्यटक आकर्षणका तत्त्व हुन। प्राकृतिक बरदानस्वरूप रहेको यहाँको उर्वर भूमि एवं पौरखी कृषकहरूको अथक मेहनतले गर्दा यो जिल्ला आर्थिकरूपले धनी मानिन्छ। साँस्कृतिक, प्राकृतिक तथा आर्थिक पक्षहरूमा समृद्ध रहेको यो जिल्ला "पहाडकी रानी, नगदेबालीको खानी" जस्ता उपनामले चिनिन्छ। इलाम जिल्लालाई विभिन्न 'अ'को जिल्ला भनेर पनि चिनिन्छ। यसै क्रममा यसलाई हाल ८ 'अ'को जिल्ला भनेर चिनिन्छ। जसमा 'अ'को अर्थ अलैंची, अदुवा, अर्थोडक्स चिया, अकबरे खुर्सानी, ओलन (दुध), अम्लिसो, आलु र अतिथि सत्कार हुन्छ। पूर्व-पश्चिम राजमार्गको चारआलीबाट मेची राजमार्गमा ७८ किलोमिटरको दुरी पार गरेपछि इलाम सदरमुकाम पुगिन्छ। इलाम जिल्लाको क्षेत्रफल १७०३ वर्ग किलोमिटर रहेको छ ।

१.२.चुलाचुली गाउँपालिकाको परिचय :

इलाम जिल्लाको दक्षिणी क्षेत्रमा अवस्थित चुलाचुली गाउँपालिका साबिकका चुलाचुली र साकफारा दुई गा.वि.स. मिलाएर बनाइएको छ । जिल्लाको पश्चिम दक्षिणी क्षेत्रमा अवस्थित यस गाउँपालिकाको कूल क्षेत्रफल १०८.४६ वर्ग किलोमिटर रहेको छ ।

६ वटा वडामा विभाजन गरिएको यस गाउँपालिकाको पूर्वमा माई नगरपालिका,पश्चिमका मोरङ जिल्ला उत्तरमा माङसेबुङ गाउँपालिका तथा दक्षिणमा झापा जिल्लासँग सिमाना जोडिएको छ । पूर्वपश्चिम राजमार्गसँग कच्ची सडकले जोडिएको यस गाउँपालिकामा पहाडी भूभागका अतिरिक्त

केहि समथर भूभाग समेत पर्दछ । यहाँ पर्ने चुरे क्षेत्रमा चुला ढुङ्गासरी मसिना पहाडहरु उठेकाले तिनकै आधारमा ठाउँको नाम चुलाचुली रहेको हुनसक्छ ।

दक्षिणको मैदानी भागमा उस्ण हावापानी र कृषियोग्य भूमि भएकोलेपहाडी क्षेत्रबाट बसाइ सराइ गरी एक मानिसहरुको बाहुल्यता रहेको क्षेत्र हो साबिकको चुलाचुली । ठुलो क्षेत्र वनजंगलले ढाकिएको भएकाले जिल्लाको काष्ठ उद्योगहरुको राम्रो सम्भावना यस क्षेत्रमा रहेको छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार २३ हजार १ सय ५७ जनसंख्या बसोबास गर्ने यस क्षेत्रको औसत जनघनत्व २१४ प्रति वर्गकिलोमिटर रहेको छ ।

तराई क्षेत्रसँग जोडिने भएकोले तराई मूलका मानिसहरुको पनि यस क्षेत्रमा उल्लेखनीय वसोवास पाइन्छ ।

**भौगोलिक स्वरुप तथा सिमाना**

साविक २ वटा गा.वि.स.(चुलाचुली र साकफारा) मिलेर हाल ६ वटा वडामा परिणत भई बनेको चुलाचुली गाउँपालिका कोशी प्रदेश अन्तरगत ईलाम जिल्लामा अवस्थित पहाडी गाउँपालिका हो । गाउँ कार्यपालिकाको कार्यालय वडा नं . ४ मा रहेको छ । यस गाउँपालिकाको पूर्वतर्फ माई नगरपालिका, पश्चिममा मोरङ जिल्ला ,उत्तरमा माङ्सेवुङ गाउँपालिका र दक्षिणमा झापा जिल्ला रहेको छ । यस गाउँपालिकाको कूल क्षेत्रफल १०८.४६ वर्ग किलोमिटर रहेको छ ।

**राजनैतिक तथा प्रशासनिक अवस्थिति**

ईलाम जिल्लाको १० वटा स्थानीय तहहरु मध्ये चुलाचुली गाउँपालिका ईलामको तराई र पहाडसँग जोडिएर रहेको विकासको प्रवल सम्भावना बोकेको गाउँपालिकाको रुपमा रहेको छ । यो गाउँपालिका साविक २ वटा गा.वि.स.का सवै वडाहरु मिलाएर वि.सं. २०७३ सालमा पुनर्निर्माण गरिएको हो । यस गाउँपालिकामा ६ वटा वडा रहेको छ ।

**१.३.स्थिति प्रतिवेदनको पृष्ठभुमी**

चुलाचुली गाउँपालिकालाई आ.व.२०८२/८३ सम्म बालमैत्री गाउँपालिकाको रुपमा घोषणा गर्ने सन्दर्भमा व्यक्त भएका प्रतिवद्धताहरुलाई पुरा गर्नका लागि बालबालिका सम्वन्धी महासन्धी, १९८९, नेपालको संविधान, बालबालिका सम्वन्धी ऐन, २०७५, बालमैत्री स्थानीय शासन राष्ट्रिय निर्देशिका, २०७८ ले व्यवस्था गरेका सुचकहरुको प्राप्ती गर्नका लागि गाउँपालिकाको बालबालिका सम्वन्धी आधारभुत अवस्थाको जानकारी प्राप्त गर्न आवश्यक हुन्छ ।गाउँपालिकाको बालबालिकाको आधारभुत अवस्थाका आधारमा तयार हुने रणनीति र कार्यनीतिहरुले बालमैत्री स्थानीय शासनको दीगोपनालाई समेत आत्मसाथ गर्ने भएकोले चुलाचुली गाउँपालिकाका विषयगत शाखाहरुवाट प्राप्त सुचनाहरु, वडाहरुवाट प्राप्त सुचनाहरु, टोलविकास संस्थाहरुवाट प्राप्त सुचनाहरुका आधारमा

बालमैत्री स्थानीय शासनका निर्दिष्ट गरिएका सुचक अनुरुपका सुचनाहरु संकलन र प्रसोधन गरी यो स्थिति प्रतिवेदन तयार गरिएको छ ।

### १.४. स्थिति प्रतिवेदन तयार गर्नुको उद्धेश्य

यस चुलाचुली गाउँपालिकाको बालबालिका सम्वन्धी स्थिति प्रतिवेदन तयार गर्नुका निम्न वमोजिमका उद्धेश्यहरु रहेका छन ।

क. बालमैत्री स्थानीय शासन घोषणाका लागि गाउँपालिकाका बालबालिकाको वास्तविक अवस्था पत्ता लगाउनु ।

ख. बालमैत्री स्थानीय शासन घोषणाका लागि तयार गरिने रणनीतिका लागि आधार तय गर्नु ।

ग. गाउँपालिकाले बालबालिका लागि वनाउने नीति, कार्यक्रम तथा योजनाका लागि सुचना प्राप्त गर्नु ।

### १.५. स्थिति प्रतिवेदन तयार गर्न अपनाईएका विधीहरु

यस गाउँपालिकाको बालबालिका सम्वन्धी स्थिति प्रतिवेदन तयार गर्न निम्नानुसारका विधिहरु अपनाईएका छन ।

क. प्राथमिक सुचना संकलन

ख.द्वितिय सुचना संकलन

प्राथमिक सुचना संकलन कार्य अन्तरगत गाउँपालिकाका ६ वटै वडाहरुवाट प्राप्त भएको सुचनाहरुलाई प्रसोधन गरीएको थियो। त्यसैगरी विभिन्न विषयगत साना समुहहरुसँग छलफल गरी विषयगत सुचनाहरु प्राप्त गरिएको थियो ।यसरी टोलवाट प्राप्त भएको आधारभुत सुचनालाई आधारभुत प्रसोधनको कार्य भएको थियो ।

द्वितिय सुचना संकलन : यस अन्तरगत बालबालिका सम्वन्धी विभिन्न कानूनी व्यवस्था, राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन, केन्द्रिय तथ्यांक विभागवाट प्रकाशित भएका सुचनाहरु, राष्ट्रिय बालअधिकार परिषद्वाट प्रकाशित भएका दस्तावेजहरु, EMIS, HIMS तथा गाउँपालिकाका विषयगत शाखाहरुवाट प्राप्त भएका सुचनाहरु, गाउँपालिकावाट प्रकाशित दस्तावेजहरुलाई समेत आधारको रुपमा लिईएको छ ।

**१.६. प्रतिवेदनमा समाविष्ट भएका विषयहरु** : यस प्रतिवेदनमा बालअधिकारका चार आधारहरु बालबचाउँ, बालसंरक्षण, बालविकास, बालसहभागिता र संस्थागत विकासका सुचनाहरुलाई समाविष्ट गरिएको छ ।

# परिच्छेद २

# बालबालिका सम्वन्धी नीतिगत व्यवस्था

## २.१ नेपालको संविधानमा बालबालिका सम्वन्धी व्यवस्था :

नेपालको संविधानमा बालबालिकाको विषयलाई प्राथमिकता दिईएको छ । संविधानको धारा ३९ मा बालबालिकाको हक शीर्षक अन्तर्गत १० वटा उपधारामा बालबालिकाको विकास, संरक्षण, सहभागिता लगायतको हकहरुको व्यवस्था भएको छ । यी उपधाराहरु लगायत धारा १८,२०,२९,३१,३५,४०, ४२,४३ र ५१ मा उल्लिखित हकहरु बालबालिकाको लागि पनि आकर्षित हुन्छन । यस बाहेक धारा १० मा नागरिकता पाउने हक,धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ मा स्वतन्त्रताको हक, धारा १९ मा सञ्चारको हक, धारा २२ मा यातना विरुद्धको हक, धारा २६ मा धार्मिक स्वतन्त्रताको हक, धारा २७ मा सूचनाको हक, धारा २८ मा गोपनियताको हक लगायतका मौलिकहरु बालबालिकाप्रति आकर्षित हुन्छन ।

## २.२.बालबालिका सम्वन्धी ऐन,२०७५ र अन्य सम्वन्धित केही ऐनहरु

बालबालिका सम्बन्धी ऐन, २०४८ बालबालिकाका अधिकार तथा विषयहरू केन्द्रित विशिष्टीकृत पहिलो ऐन थियो । उक्त ऐनलाई खारेज गरी बालबालिका सम्बन्धी ऐन, २०७५ लागू भएको छ । यस बीचमा नेपालमा बालबालिकाको मानव अधिकारसँग सम्बन्धित विभिन्न अवयवहरू तथा विषयहरू संविधान, कानूनहरू, नीति, आवधिक योजना, राष्ट्रिय कार्ययोजना लगायतमा समावेश गरी कार्यान्वयनको क्रममा विभिन्न संस्थागत संरचना स्थापना तथा पुनरुस्थापना गरी अनेकन् कार्यहरू गरिसकिएको छ । यसको परिणामस्वरूप बालबालिकासँग सम्बन्धित गुणात्मक र संख्यात्मक सूचकहरूमा उल्लेख्य सुधार भइसकेका छन् भने नवीनतम् प्रयोग र जल्दाबल्दा समस्या तथा सवालहरूको सामना समेत गरिएका छन् । बालबालिका सम्बन्धी ऐन, २०७५ बाल अधिकार महासन्धिको मूलभूत सिद्धान्तहरू र प्रावधानहरू अनुकुल रहेको छ । यस ऐनमा बालबालिकाका मूलभूत अधिकारहरू (बाँच्नपाउने, नाम, राष्ट्रियता र पहिचान पाउने, अविभेद हुने, बाबुआमासँग बस्ने र भेटघाट गर्नपाउने, संरक्षित हुन पाउने, सहभागी हुन पाउने, अभिव्यक्ति स्वतन्त्रता र सूचना पाउने, संस्था खोल्ने र शान्तिपूर्वक भेला हुन पाउने, गोपनीयता कायम गर्न पाउने, अपाङ्गताभएका बालबालिकाले विशेष सेवासुविधा पाउने, पोषण तथा स्वास्थ्य सेवा सुविधा पाउने, खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक क्रियाकलाप गर्न पाउने, शिक्षा पाउने लगायत) सुनिश्चित गरिएका छन् । राज्यले, परिवार वा संरक्षकले, बालबालिका सम्बन्धी कार्य गर्ने निकाय वा संस्थाले र सञ्चार माध्यमले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने लगायतका दायित्व निर्वाह गर्नुपर्ने प्रावधानहरू समावेश भएका छन् । यसैगरी, ऐनमा बालन्याय, बालबालिकाको विशेष संरक्षण र पुनर्स्थापना, वैकल्पिक हेरचाह, बाल अधिकार तथा बाल कल्याण सम्बन्धी संस्थागत व्यवस्था, बाल कल्याण अधिकारी, समाजसेवी तथा बालमनोविज्ञको व्यवस्था, बाल कोषको स्थापना तथा सञ्चालन, बालबालिका विरुद्धको कसूर लगायत बालबालिकाको कर्तव्य समेतको व्यवस्थाहरू भएका छन् ।

यद्यपि, यस ऐनमा समसामयिक तथा यथोचित व्यवस्थाहरू गर्न सुधार गन जरुरी देखिएको छ । बालबालिकाका आधारभूत अधिकार, संरक्षण र विकासका विषयहरू अन्य ऐनहरूमा पनि समावेश गरिएका छन् । उदाहरणका लागि, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, राष्ट्रिय खोप ऐन, २०७२, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७४, मुलुकी देवानी संहिता ऐन, २०७४, मुलुकी अपराध (संहिता) ऐन २०७४, श्रम ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५, बालबालिका सम्बन्धी ऐन, २०७५, जन स्वास्थ्य सेवा ऐन, २०७५, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, सामाजिक सुरक्षा ऐन, २०७५ लगायतका ऐनहरू रहेका छन् ।

### २.३ बालबालिका सम्वन्धी योजना,कार्ययोजा तथा नीति तथा कार्यक्रम

पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७–२०८०/८१) मा बालबालिका तथा किशोरकिशोरीको विषयलाई एकीकृत रूपमा समावेश गरिएको छ । यसमा बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाजको परिकल्पना वा सोच लिएको छ भने बालबालिका तथा किशोरकिशोरीलाई सबै प्रकारको हिंसा, दुव्र्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरूको हक अधिकार संरक्षण तथा प्रवद्र्धन गरी राष्ट्र निर्माण गर्न सक्ने योग्य र सक्षम नागरिकको रूपमा विकास गर्ने लक्ष्य लिएको छ र उद्देश्यहरू निम्नानुसार रहेका छन् ।
बालबालिका तथा किशोरकिशोरीको अधिकारको संरक्षण र प्रवद्र्धन गर्नु,

- बालबालिका तथा किशोरकिशोरीमैत्री वातावरण सिर्जना गर्नु,
- बालबालिका तथा किशोरकिशोरीविरुद्ध हुने शारीरिक र मानसिक लगायत सबै प्रकारका
- हिंसा, विभेद, दुव्र्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्नु ।

बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९, दोस्रो १० वर्षीय बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७४–२०८३), राष्ट्रिय शिक्षा नीति, २०७६, बालविवाह विरुद्धको राष्ट्रिय रणनीति, २०७२, मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८, शिक्षा क्षेत्रको योजना (मस्यौदा) (२०७८–८७), विद्यालय क्षेत्र विकास योजना (२०७३÷७४–२०७९÷८०), राष्ट्रिय विज्ञान, प्रविधि तथा नव–प्रवर्तन नीति, २०७६, शिशु तथा बाल्यकालीन पोषण रणनीति, २०७३, राष्ट्रिय ई–हेल्थ रणनीति, २०७४, राष्ट्रिय स्वास्थ्य नीति, २०७६, बालविकास केन्द्रको सञ्चालनमा लागत सहभागिता सम्बन्धी राष्ट्रिय प्रारूप, २०७७ लगायतका दस्तावेजहरू कार्यान्वयनमा रहेका छन् ।

परिच्छेद ३

क्षेत्रगत सुचना विश्लेषण

### ३.१ गाउँपालिकाको आधारभुत तथ्यांक

### ३.१.१ चुलाचुली गाउँपालिकाको जनसंख्या


यस चुलाचुली गाउँपालिकाको ६ वटै वडाका जनसंख्या २३१५७ जना रहेको जसमा महिला ११८२३ र पुरुष ११३३४ जना रहेको छ । यसरी हेर्दा गाउँपालिकामा ५१ प्रतिशत महिला र ४९ प्रतिशत जनसंख्या पुरुषको रहेको छ ।

तालिका नं.१ चुलाचुली गाउँपालिकाको जनसंख्या

| | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | ११८२३ | ११३३४ | २३१५७ |

स्रोत राष्ट्रिय जनगणना २०७८

चित्र नं.१ चुलाचुली गाउँपालिकाको जनसंख्यात्मक अवस्था




### ३.१.२ गाउँपालिकाको जातिगत तथा धार्मिक रुपमा समाविष्ट घरधुरीको अवस्था

चुलाचुली गाउँपालिकाको ६ वटै वडामा रहेका जनसंख्याको जातिगत घरधुरीका आधारमा विश्लेषण गर्दा जम्मा घरधुरी ५६१३ रहेकोमा याक्थुङ,लिम्वु २६.६%, राई २६% वाहुन ११.९% क्षेत्री ८.८% तामाङ ४.९%, विश्वकर्मा ४.७% नेवार ४.४% मगर २.३%, कुलुङ १.६%, परियार १.६% रहेकाछन ।त्यसैगरी धर्मका आधारमा हिन्दु ३६.६%, किरात ५१.८% , वौद्ध ७.२%, ईसाई ४.५%, वाँकी अन्य रहेकाछन ।

### ३.१.४ गाउँपालिकाको बालबालिका सम्वन्धी जनसंख्या


चुलाचुली गाउँपालिकाको बालबालिका सम्वन्धी प्राप्त सुचनका आधारमा यस गाउँपालिका ६ वटै वडामा १८ वर्ष उमेर सम्मका जम्मा जनसंख्या ७४७६ जना रहेका छन । जसमा बालक ३८५२ र बालिका

३६२४ जना रहेकाछन ।गाउँपालिकाको समग्र जनसंख्याको आधारमा बालबालिकाको जनसंख्या ३२.२८% रहेको छ भने बालक ५१.५२ %र बालिका ४८.४७% रहेका छन ।

तालिका नं.२ बालबालिकाको उमेरगत जनसंख्याको विवरण

| उमेर समुह | जम्मा | बालक | बालिका |
|---|---|---|---|
| 0 Year | 337 | 166 | 171 |
| 1 Year | 281 | 144 | 137 |
| 2 Year | 322 | 154 | 168 |
| 3 Year | 361 | 189 | 172 |
| 4 Year | 380 | 203 | 177 |
| 5 Year | 407 | 215 | 192 |
| 6 Year | 460 | 229 | 231 |
| 7 Year | 399 | 216 | 183 |
| 8 Year | 464 | 248 | 216 |
| 9 Year | 396 | 213 | 183 |
| 10 Year | 415 | 235 | 180 |
| 11 Year | 335 | 176 | 159 |
| 12 Year | 401 | 199 | 202 |
| 13 Year | 405 | 196 | 209 |
| 14 Year | 390 | 194 | 196 |
| 15 Year | 413 | 207 | 206 |
| 16 Year | 441 | 239 | 202 |
| 17 Year | 363 | 174 | 189 |
| 18 Year | 506 | 255 | 251 |
|  | 7476 | 3852 | 3624 |

चित्र नं.२ गाउँपालिका बालबालिकाको संख्यात्मक अवस्था



### ३.१.५ वडास्तरमा बालबालिका तथा किशोरकिशोरीहरुको जनसंख्याको अवस्था

तालिका नं.३ वडास्तरमा बालबालिकाको संख्या

| वडा नं. | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| १ | ९४२ | ८८० | १८२२ |
| २ | ७०६ | ६६५ | १३७१ |
| ३ | ७४३ | ७०२ | १४४५ |
| ४ | ५९१ | ५६१ | ११५२ |
| ५ | ५३७ | ४८७ | १०२४ |
| ६ | ५४४ | ५५३ | १०९७ |

राष्ट्रिय जनगणना २०७८

राष्ट्रिय जनगणना २०७८को नतिजा अनुसार चुलाचुली गाउँपालिकाका वडागत रुपमा बालबालिका र किशोरकिशोरीहरुको तथ्यांकलाई हेर्दा सबै भन्दा वढी वडा नं. १ मा १८२२ र सबै भन्दा कम वडा नं.५ मा १०२४ जना रहेको देखिन्छ ।

### ३.२ बाल बचाउँ

### ३.२.१ गर्भवती र गर्भवती स्वास्थ्य परिक्षण

आ.व.२०८१ श्रावण देखी २०८२ असार मसान्त सम्ममा यस गाउँपालिकाका २०७ गर्भवती भएको देखिन्छ भने प्रसुती पूर्व गरिने ८ पटकको स्वास्थ्य परिक्षण पुरा गर्ने १६९ जना रहेको पाईयो । आ.व.२०८१ श्रावण देखी २०८२ असार मसान्त सम्ममा जम्मा गर्भवती २०७ भएकोमा गर्भजाँच गराउने संख्या २०७ भएको देखिन्छ । यसरी हेर्दा प्रसुती पूर्वको ८ पटकको स्वास्थ्य परिक्षण गर्ने १६९जना रहेको छ ।

स्रोत चुलाचुली गाउँपालिका स्वास्थ्य शाखा प्रतिवेदन, २०८१

### ३.२.२ सुरक्षित सुत्केरी

यस गाउँपालिकामा आ.व.२०८१ श्रावण देखी २०८२ असार मसान्त सम्ममा गर्भवती भएका महिलाहरु मध्ये १६१ जना सुत्केरी स्वास्थ्य संस्थामा भएका छन ।

### ३.२.३ सुत्केरी पश्चात स्वास्थ्य परिक्षणको अवस्था

चुलाचुली गाउँपालिकाका आ.व.२०८१ श्रावण देखी २०८२ असार मसान्त सम्ममा सुत्केरी भएकाहरुले सुत्केरी पश्चात स्वास्थ्य परिक्षण गर्ने १६१ जना र ० जनाले सुत्केरी पश्चात स्वास्थ्य परिक्षण गरेको पाईएन ।

### ३.२.४ बच्चा जन्मेको ६ महिना सम्म आमाको मात्र दुध खुवाएको र अन्य खानेकुरा खुवाएको अवस्था

बच्चालाई जन्मेको ६ महिनासम्म आमाको मात्र दुध खुवाउनु बच्चाको स्वास्थ्यको लागि अति जरुरी हुन्छ । यसै सन्दर्भमा चुलाचुली गाउँपालिकाको स्वास्थ्य शाखावाट प्राप्त सुचना अनुसार ३०% सुत्केरी महिलाहरुले ६ महिना सम्म आफ्नो मात्र दुध खुवाएको पाईयो ।७०% आमाहरुले दुधको साथै अन्य

खानेकुराहरु पनि खुवाएका छन । जसमा ल्याक्टोजिन, गाई दुध, दालभात सर्वोत्तम पिठोको लिटो रहेकाछन ।


### ३.२.५ खोपको अवस्था

चुलाचुली गाउँपालिकाका नेपाल सरकारले व्यवस्था गरेको सबै प्रकारका खोपहरु लिने बालबालिकाहरु १८२ जना रहेको तथ्यांक चुलाचुली गाउँपालिकाको स्वास्थ्य शाखावाट देखिन्छ ।चुलाचुली गाउँपालिकाको स्वास्थ्य शाखाको प्रतिवेदन,२०८१ अनुसार १८२ जना शिशु ० देखी १ वर्षमुनीका रहेको मा १८२ शिशुले विसिजी, ३३८ ले पेन्टाभ्यालेण्ट ३३८ ले पोलियो तेस्रो, २८० ले दादुरा/ रुवेला को खोप लिएको देखिन्छ ।

### ३.२.६. ६ महिना देखी ५ वर्ष सम्मका बालबालिकाहरुलाई भिटामिन ए र जुकाको औषधी खुवाएको अवस्था :

चुलाचुली गाउँपालिकाका सबै वडामा यस वर्ष ६ महिनादेखी ५ वर्ष उमेर सम्मका १००% बालबालिकाहरुलाई भिटामिन ए र जुकाको औषधी ८९.३९खुवाएको अवस्था रहेको देखिन्छ ।


**चित्र नं.३ बालबालिकाको भिटामिन ए र जुकाको औषधी प्राप्ती सम्वन्धी अवस्था**




### ३.२.७ गर्भवती महिलाले मापदण्ड अनुसार टिडि खोप र आईरन चक्की लिएको नलिएको अवस्था

गर्भाअवस्थामा हुने रक्तश्राव र रगतको कमीवाट हुने जोखिमलाई न्यूनिकरण गर्न हरेक गर्भवती महिलाले २२५ वटा आईरन चक्की खानुपर्ने र २ पटक टिडि खोप लगाउनु पर्ने व्यवस्था गरिएको छ । जस अन्तरगत २०८१ श्रावण देखी २०८२ असार सम्म गर्भवती भएका २०७ महिला मध्ये २०७ जनाले २+२ टिडि खोप लिएका छन ।त्यसैगरी २०७ महिलाले आईरन चक्की सुत्केरी हुनुपुर्व खाएका छन।

चित्र ४  गर्भवती महिलाले मापदण्ड अनुसार टिडि खोप र आईरन चक्की लिएको नलिएको अवस्था




स्रोत चुलाचुली गाउँपालिका स्वास्थ्य शाखा प्रतिवेदन,२०८१

### ३.२.८ एच.आई.भी सम्वन्धी विवरण

बालमैत्री स्थानीय शासन अन्तरगतको एउटा महत्वपूर्ण पाटोको रुपमा रहेको एचआईभी सक्रमितहरुको व्यवस्थापन र उपचार को व्यवस्था पनी रहेको छ । यस गाउँपालिकाको ६ वटा वडाहरु रहेका ० जनामा ० जना एचआईभी सक्रमितहरु रहेको छ ।

### ३.२.९ बालबालिकाको कुपोषण सम्वन्धी अवस्था

चुलाचुली गाउँपालिकाको स्वास्थ्य शाखाका अनुसार ६ वटा वडाहरुमा रहेका ५ वर्षमुनीका बालबालिकाहरु मध्ये कुपोषित बालबालिकाहरुको संख्या  ० रहेको देखिन्छ । जुन कुल बालबालिकाहरुको संख्याको ० प्रतिशत हुन आउछ ।

### ३.२.१० प्राथमिक स्वास्थ्य केन्द्र सम्म पहुँचको अवस्था

यस चुलाचुली गाउँपालिकामा रहेका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य केन्द्र सम्मको नागरिकको पहुँचलाई हेर्दा ......केही............. परिवारलाई सामुदायिक स्वास्थ्य ईकाइ र .........केही........ परिवारलाई स्वास्थ्य चौकी सम्म पुग्न ......१......... घण्टा भन्दा वढी समय लाग्ने देखिन्छ ।वि.सं. २०८२ सालसम्ममा चुलाचुली गाउँपालिकामा सामुदायिक स्वास्थ्य केन्द्र  २ वटा, स्वास्थ्य चौकी १ वटा, ४ वटा आधारभुत स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक १ वटा, वर्थिङ सेन्टर १ वटा, खोपकेन्द्र ९ वटा र नगर अस्पताल १ रहेको छ ।


### ३.२.११ स्वास्थ्य संस्था तथा स्वास्थ्य सम्वन्धी मानवीय स्रोतको अवस्था

यस गाउँपालिकामा एक नगर अस्पताल, १ प्राथमिक स्वास्थ्य केन्द्र, आधारभुत स्वास्थ्य केन्द्र ५ वटा, , स्वास्थ्य चौकी १ वटा र गाउँघर क्लिनिक २ वटा रहेका छन । यसरी ७ वटा स्वास्थ्य संस्था र २ गाउँघर क्लिनिकहरुमा २८ जना स्वास्थ्यकर्मीहरुले सेवा प्रदान गर्दै आईरहेको देखिन्छ । जसमा मेडिकल अधिकृत १,जनस्वास्थ्य अधिकृत ०, सिअहेव छैठौं १, अनमी छैठौं ,१ जनस्वास्थ्य निरीक्षक १, सिअहेव ३, सिअनमी,४, हेल्थ असिस्टेन्ट २, स्टाफ नर्स १, अहेव २, अनमी ९, ल्याव टेक्निसियन ०, ल्याव असिस्टेन्ट २, रेडियोग्राफर १, नेत्र सहायक ०, अपटेसियन ०, कविराज ०, वैद्य १ जना रहेको अवस्था छ ।

### ३.२.११ खानेपानीको स्रोत तथा सुद्दिकरण सम्वन्धी अवस्था

यस गाउँपालिकामा खानेपानीको अवस्थालाई हेर्दा ५६१३ घरधुरी मध्ये ६०.३ प्रतिशत घरधुरीले ट्यूवेल/हातेपम्पको पानीको प्रयोग गर्ने गरेको पाईयो भने २१.९ प्रतिशत पाईपधाराको पानी पिउने गरेका छन । बाँकी घरधुरीले कुवा, खोलाको पानी प्रयोग गर्ने गरेको देखिन्छ।


**चित्र नं.५ खानेपानी प्रयोगको अवस्था**




### ३.२.१२ शौचालय र सरसफाई सम्वन्धीको व्यवस्था

चुलाचुली गाउँपालिका खुल्ला दिसामुक्त गाउँपालिकाको रुपमा घोषित भईसकेको र यसको दीगोपनाको रुपमा कार्य गर्दै आईरहेको छ । बालमैत्री स्थानी शासनका सुचकहरु मध्ये यो सुचक पनी रहने गर्दछ राष्ट्रिय जनगणना,२०७८ अनुसार यस गाउँपालिकामा ५६१३ घरधुरी मध्ये ५२.६% घरधुरीमा सेफ्टी ट्यांकी सहितको सौचालय रहेको छ ।त्यसैगरी४२ % घरमा साधारण सौचालय रहेको छ त्यसैगरी यस गाउँपालिकामा रहेका विद्यालय, स्वास्थ्य संस्था, र सार्वजनिक गरी ३५ वटा सार्वजनिक शौचालयहरु रहेकाछन ।

**चित्र नं.६ सौचालय प्रयोग सम्वन्धी अवस्था**




## ३.३.बालसंरक्षण

बालबालिकाकहरुको गर्भावस्था देखिनै संरक्षण पाउने अधिकार रहन्छ । सुरक्षित रुपमा जन्मन पाउँने, जन्मिएपछी नाम र पहिचानको अधिकार हुदैं विभिन्न जोखिमहरुवाट संरक्षण पाउने अधिकार रहन्छ । **यस परिच्छेदमा बाल**

अधिकार सम्बन्धी महासन्धिमा व्यवस्था भएका बाल संरक्षणका मुख्य विषयहरुमध्ये आमाबाबुबाट स्याहार (धारा ५), जन्मदर्ता (धारा ७), गोपनीयताको हकको संरक्षण (धारा १६), सबै प्रकारको हिंसाबाट संरक्षण (धारा १९), पारिवारिक स्याहारको वातावरण नभएका बालबालिकालाई विशेष वा बैकल्पिक स्याहार (धारा २०), धर्म सन्तान (धारा २१), शरणार्थी बालबालिका (धारा २२), बालश्रम (धारा ३२), यौनशोषण (धारा ३४) अपहरण र बेचबिखन (धारा ३५), थुना र सजाय (धारा ३७), पीडित बालबालिकाको पुनरुस्थापना (धारा ३९), बाल न्याय (धारा ४०) लगायतका विषयहरुमा उपलब्ध भएका सूचना तथा तथ्याङ्क प्रस्तुत गरिएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ मा बालबालिकाको संरक्षण सम्बन्धी व्यवस्था र दफा ४८ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको विवरण समावेश छ (अनुसूची १) । दफा १८ मा राज्यको दायित्व अन्तर्गत विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्नुपर्ने, राज्यले उपलब्ध स्रोत साधनको आधारमा आवश्यक व्यवस्था मिलाउनेछ भन्ने उल्लेख छ । विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनु पर्ने तथा आवश्यकता अनुरुप संरक्षक तोक्ने सम्बन्धमा समेत ऐनले व्यवस्था गरेको छ । त्यसैगरी हरेक स्थानीय तहमा बाल कल्याण अधिकारीको व्यवस्था समेत ऐनले गरेको छ । बाल कल्याण अधिकारीले बालबालिकाको तत्काल उद्धार गर्नुपर्ने देखेमा उद्धार गरी अस्थायी संरक्षण सेवामा राख्न सक्नेछ । सहयोग प्रायोजन, परिवार सहयोग, संरक्षक नियुक्ति, धर्मपुत्र/धर्मपुत्री, आवासीय बालगृह लगायत बालबालिकाको संरक्षणको लागि आवश्यक व्यवस्थापन गर्ने प्रावधानहरु रहेका छन् । यी कानूनी प्रावधानहरुबाट नेपालको कानून बालमैत्री रहेको देखिन्छ ।

यसका आधारभुत सुचकहरुको आधारमा चुलाचुली गाउँपालिकामा बालसंरक्षणको अवस्था विश्लेषण गरिएको छ ।


### ३.३.१ जन्मदर्ता सम्वन्धी अवस्था

गाउँपालिकाको पञ्जिकरण शाखावाट प्राप्त सुचना अनुसार २०८१ वैसाख देखी २०८१ चैत्र सम्म गाउँपालिकामा जन्मदर्ताको अवस्था हेर्दा २२९ बालक र १९० बालिकाको जन्मदर्ता भएको छ जसमा सबै भन्दा वढी वडा नं.१ मा ११२ जना र सबै भन्दा कम वडा नं.५ मा ४८ जनाको जन्मदर्ता भएको छ ।

तालिका नं.४ जन्मदर्ताको अवस्था

| वडा नं. | बालक | बालिका | अन्य | जम्मा |
|---|---|---|---|---|
| १ | ५५ | ५७ | | ११२ |
| २ | ४२ | ३४ | | ७६ |
| ३ | ४५ | २१ | | ६६ |
| ४ | २५ | २९ | | ५४ |
| ५ | २७ | २१ | | ४८ |
| ६ | ३५ | २८ | | ६३ |
| जम्मा | २२९ | १९० | | ४१९ |

चित्र नं.७ जन्मदर्ताको अवस्था




### ३.३.२ बालविवाहको अवस्था

बालविवाह अहिलेको जल्दोवल्दो समस्याको रुपमा रहेको छ । नेपालले सन २०३० सम्म बालविवाहमुक्त नेपालको घोषणा गरेको अवस्थामा स्थानीय स्तरमा बालविवाह जटिल समस्याको रुपमा रहेको देखिन्छ ।

कानूनत २० वर्षमुनीको विवाहदर्ता नहुने भएकोले बालविवाहको अवस्थाको पहिचान हुन सकेको छैन । तथापी समाजमा २० वर्षमुनीको विवाह हुने गरेको छ ।गाउँपालिकाको जनगणना २०७८ अनुसार विवाह गर्ने जनसंख्या ६३% रहेको छ जसमा २० वर्षभन्दा कम उमेरमा विवाह गर्नेकोको ३०.६४% रहेको देखिन्छ भने पुरुषको तुलनामा महिलाको २० वर्षभन्दा कम उमेरमा वढी विवाह भएको देखिन्छ। नेपाल प्रहरी, प्रहरी चौकी पेल्टिमारीको २०८१ को प्रतिवेदन अनुसार आ.व.२०८१/८२ को चैत्र मसान्त सम्ममा बालविवाहको कुनै पनी उजुरी नभएको देखिन्छ ।

### ३.३.३ बालश्रम सम्वन्धी अवस्था

यस गाउँपालिकाका वडा नं.१ देखी ६ सम्म रहेका कुल ७४७६ बालबालिकाहरु मध्ये ७ जना बालबालिका बालश्रममा संलग्न भएको राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनले देखाएको छ जसमा ७ जना बालक रहेको देखिन्छ ।

नेपाल प्रहरी, प्रहरी चौकी पेल्टिमारीको २०८१/८२को प्रतिवेदन अनुसार आ.व.२०८१/८२ मा बालश्रमको कुनै पनी उजुरी नभएको देखिन्छ ।

### ३.३.४ बालबालिका माथी भएको दुर्व्यवहार तथा हिंसाको अवस्था

नेपाल प्रहरी, प्रहरी चौकी पेल्टीमारीको प्रतिवेदन अनुसार चुलाचुली गाउँपालिकामा बालबालिकाहरुमाथी विशेष गरी जवरजस्ती करणी, यौनदुर्व्यवहार, बालबालिका माथी हुने कुटपिट मुख्य रुपमा रहेको देखिन्छ । ईलाका प्रहरी कार्यालयको प्रतिवेदन अनुसार आ.व.२०८०/८१ र २०८१/८२ को बालबालिका माथी भएको हिंसा तथा दुर्व्यवहारको जानकारी तथा सुचना प्राप्त भएको देखियो ।

तालिका नं.५ बालबालिका माथी भएका हिंसा र दुर्व्यवहार

| हिंसा तथा दुर्व्यवहारको प्रकार | २०८०/८१ | | | २०८१/८२ | | |
|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| बालयौन दुर्व्यव्यवहार | | २ | २ | | १ | १ |
| जवरजस्ती करणी | | १ | १ | | ४ | ४ |
| बालबालिका माथी कुटपिट तथा हिंसा | | | | | | |
| बालबालिका हराएको भेटिएको | १ | २ | ३ | १ | २ | ३ |

**प्रहरी चौकी पेल्टिमारी**

## ३.३.५ सडक आश्रित बालकको संरक्षण

यस गाउँपालिकामा बालअधिकार समितिमा प्राप्त भएका सुचना तथा जानकारी का आधारमा सडक आश्रित २ जना बालकहरुलाई उद्धार गरी अस्थायी संरक्षण प्रदान गरिएको छ ।

## ३.३.६ बालबालिकाहरुको संरक्षणको अवस्था


चुलाचुली गाउँपालिकामा बालबालिकाहरुको संरक्षणको अवस्थालाई हेर्दा बालबालिकाहरु आमावुवा, वुवा वा आमा, तथा अन्य संरक्षणको आधारमा निम्नानुसार रहेको देखिन्छ ।

तालिका ६ : बालबालिकाको वसाईको अवस्था

| विवरण | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| बुवा आमा दुवैसँग वस्ने | २६०३ | २४३७ | ५०४० |
| आमासँग मात्र वस्ने | ६२६ | ५७८ | १२०४ |
| बुवासँग मात्र वस्ने | १२८ | १०० | २२८ |
| बुवा र सौतेनी आमासँग वस्ने | ५० | ३६ | ८६ |
| अन्य नातेदार | १७५ | २१० | ३८५ |
| आमा र सौतेनी वुवा | ७ | ७ | १४ |
| रोजगारदाताहरु र अन्यसँग | ७ | | ७ |

स्रोत राष्ट्रिय जनगणना,२०७८


चित्र नं.८ बालबालिकाहरुको वसाई सम्वन्धी अवस्था




### ३.३.७ बालबालिका घरमुली भएको अवस्था

बालबालिका आफै संरक्षित हुनुपर्ने अवस्थामा विभिन्न कारणहरुले बालबालिकाहरु सानै उमेरवाट घरपरिवारको जिम्मेवारी वहन गर्न पुगेका हुन्छन । जसका कारण उनीहरुको बाल्यकालको उपभोग गर्नवाट समेत वञ्चित हुन पुग्दछन । राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार चुलाचुली गाउँपालिकामा बालबालिकाहरुको घरमुली भएको संख्या समेत उल्लेख्य रहेको देखिन्छ ।जसमा १४ वर्ष मुनीका १ बालक र २ बालिका घरमुली रहेकाछन भने १५ देखी १९ वर्ष उमेर समुहका १५ किशोर र ९ किशोरी घरमुलीको रुपमा रहेकाछन ।

चित्र:९ घरमुलीको रुपमा बालबालिका



### ३.३.८ अपाङ्गता भएका बालबालिकाको विवरण

अपाङ्गता भएका बालबालिकाहरु सवलाङ्ग बालबालिका भन्दा वढी जोखिमपुर्ण हुने गर्दछन । उनीहरुलाई अन्यलाई भन्दा वढी संरक्षण गर्न जरुरी हुन जान्छ । त्यसै क्रममा चुलाचुली गाउँपालिकामा ७१८ जना अपाङ्गता भएका व्यक्तीहरु मध्ये ३१ जना बालबालिकाहरु रहेका छन । अपाङ्गताको प्रकार अनुसार बालबालिकाहरुको विवरण निम्नानुसार रहेको छ ।

**तालिका नं.७ अपाङ्गता भएका बालबालिकाको विवरण**

| अपाङ्गताको प्रकार | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| शारीरिक | ५ | ११ | १६ |
| वौद्धिक | २ | १ | ३ |
| वहिरा | ० | २ | २ |
| सुस्तश्रवण | ० | १ | १ |
| दृष्टिविहिन | ० | ० | ० |
| पूर्ण दृष्टिविहिन | ० | ० | ० |
| न्यून दृष्टिविहिन | ३ | ० | ३ |
| श्रवण दृष्टिविहिन | ० | ० | ० |
| स्वरवोलाई सम्वन्धी | २ | १ | ३ |
| अटिजम | २ | ० | २ |
| मनोसामाजिक अपाङ्गता | ० | ० | ० |
| वहुअपाङ्गता | १ | ० | १ |
| जम्मा | | | ३१ |

स्रोत : महिला तथा बालबालिका शाखा, चुलाचुली गाउँपालिका

### ३.३.९ गाउँपालिकामा समुदायमा आधारित बालसंरक्षण प्रणालीबाट संरक्षित बालबालिका

बालमैत्री स्थानीय शासन कार्यक्रमको सुरुवातसँगै अभिभावकविहिन, संरक्षणविहिन एवम् विभिन्न कारणले शिक्षा स्वास्थ्य जस्ता आधारभूत आवश्यकता परिपूर्ति हुन नसकेका बालबालिकाहरुको संरक्षणको विषयलाई संवोधन गर्न गाउँपालिकास्तरीय बालअधिकार समितिमा प्राप्त भएका निवेदनहरुलाई अध्ययन गरि सम्बन्धित वडा कार्यालय समेतको सिफारिसमा एसओएस बालग्राम सुनसरी ईटहरी, दीर्घकालीन पुनर्स्थापना केन्द्र कोसी प्रदेश विराटनगर, चावहिल पशुपती बाल आश्रय केन्द्र बेलबारी मोरङ, ह्याप्पी फाउण्डेशन नेपाल, कमल झापा लगायतका संस्थाहरुसँगको सहकार्य यस गाउँपालिकाका निम्नानुसारका बालबालिकाहरुलाई समुदायमा आधारित बालसंरक्षण प्रणाली अन्तरगत विभिन्न सेवा प्रदान गरिएकोछ ।

**तालिका नं.८ समुदायमा आधारित बालसंरक्षण प्रणालीबाट संरक्षित बालबालिका**

| वडा नं. | बालक | बालिका | जम्मा | संरक्षण सेवा प्रदान गर्ने संस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३ | ३ | ६ | एस् ओ एस् बालग्राम इटहरी | किनसीप कार्यक्रम अन्तर्गत आफन्तको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अभिभावकत्वमा राखी सहयोग प्रदान गरिएको |
| २ | ० | १ | १ | दीर्घकालीन पुनर्स्थापना केन्द्र कोसी प्रदेश विराटगर | पुनर्स्थापना केन्द्रमै राखी पुनर्स्थापित गरिएको |
| ३ | १ | ० | १ | चावहिल पशुपति बाल आश्रय केन्द्र बेलबारी मोरङ | आश्रय केन्द्रमै पुनर्स्थापित गरिएको |
| ४ | १ | | १ | भोइस अफ चिल्ड्रेन इटहरी | छोटो अवधिका लागि राखिएको |
| ५ | | २ | २ | ह्याप्पी फाउण्डेशन नेपाल झापा | घरमै राखी आर्थित सहायता प्रदान गरिएको |
| जम्मा | ५ | ६ | ११ | | |

### ३.३.८ गाउँपालिकामा प्रहरी कार्यालयको अवस्था

बालसंरक्षण प्रणालीको एउटा महत्वपूर्ण पक्ष भनेको प्रहरी हो । बाल संरक्षणका हरेक विषयहरु प्रहरीसँग सम्वन्धित रहेका हुन्छन । यस विषयसँग सम्वन्धित सुचनाका आधारमा पालिकाक्षेत्र भित्र रहेका प्रहरी कार्यालयहरुको विवरण निम्नानुसार रहेको छ ।

यस चुलाचुली गाउँपालिकामा पेल्टिमारीमा प्रहरी चौकी रहेको छ भने १ वटा ससस्त्र प्रहरी वेश क्याम्प रहेको छ।

## ३.४ बालविकास

यस परिच्छेदमा संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धिमा उल्लेखित मूलतः बालबालिकाको शिक्षा (धारा २८ र २९) संग सम्बन्धित विषयहरु समेटिएका छन् । नेपालको संविधानले बालबालिकाको शिक्षा तथा विकासलाई प्रत्याभूत गरेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १५ अन्तर्गत बालबालिकाको शिक्षा सम्बन्धी अधिकारका प्रावधानहरु रहेका छन्

(१) छ वर्षमुनिका बालबालिकालाई आफ्नो उमेर र विकासको स्तर अनुसार खेलको माध्यम, वातावरणमा आधारित अनुभव र खोजमूलक ढङ्गले सिक्न पाउने तथा प्रारम्भिक बाल विकासको अधिकार हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रुपमा बालमैत्री वातावरणमा पाउने अधिकार हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई आफ्नो विशेष शारीरिक तथा मानसिक अवस्था अनुसार प्रचलित कानून बमोजिम उपयुक्त अध्ययन सामग्री तथा शिक्षण विधिमार्फत शिक्षा पाउने अधिकार हुनेछ ।

(४). दलित बालबालिकालाई प्रचलित कानून बमोजिम छात्रवृत्ति सहितको निःशुल्क शिक्षा पाउने अधिकार हुनेछ ।


### ३.४.१ प्रारम्भिक बाल विकास :

प्रारम्भिक बाल विकास बालबालिकाको औपचारिक शिक्षा विकासमा आधारशिला नै हो । यस विषयमा सरकार संवेदनशील रहेको छ । नेपालको संविधानले प्रारम्भिक बाल विकासको विषयलाई मौलिक हकमा नै उल्लेख गरेको छ । शिक्षा ऐन तथा शिक्षा नियमावली लगायतका कानूनी व्यवस्थाहरुमा प्रारम्भिक बाल विकासलाई स्थान दिइएको छ । प्रारम्भिक बाल विकास निर्देशिका, २०६३ मा बाल विकास केन्द्रको सञ्चालन व्यवस्थित गर्ने विषय उल्लेख भएको छ ।

क) **प्रारम्भिक बालविकास केन्द्रहरुको अवस्था**

| विद्यालयको विवरण | संख्या |
|---|---|
| सामुदायिक | २६ |
| संस्थागत | ७ |
| जम्मा | ३३ |

चित्र नं. १० बालविकास केन्द्रको संख्यात्मक चित्र




स्रोत : चुलचुली गाउँपालिका शिक्षा शाखा

**ख) बालविकास केन्द्रमा अध्ययनरत बालबालिकाहरुको संख्यात्मक विवरण**

| विद्यालयको विवरण | संख्या | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| सामुदायिक | २६ | २६८ | २८३ | ५५१ |
| संस्थागत | ७ | २७३ | २४५ | ५१८ |
| जम्मा | ३३ | ५४१ | ५२८ | १०६९ |

**ग) बालविकास केन्द्रमा बालबालिकाहरुको जातिगत विवरण**

| बालविकास केन्द्रको विवरण | संख्या | दलित | | | जनजाति | | | मधेशी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| सामुदायिक | २६ | २९ | १८ | ४७ | २०४ | २१६ | ४१६ | ४ | ३ | ७ |
| संस्थागत | ७ | १२ | १४ | २६ | १६१ | १८२ | ३४३ | १० | १५ | २५ |
| जम्मा | ३३ | ४१ | ३२ | ७३ | ३६५ | ३९८ | ७५९ | १४ | १८ | ३२ |

**घ) बालविकास केन्द्रमा खुँद र कुल भर्नादरको अवस्था**

| भर्नादरको प्रकार | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| खुँद भर्नादर | ९९.२ | ८७.०५ | ९३.१ |
| कुल भर्नादर | ९९.२ | ११४.८ | १०६.८ |

**ङ) सामुदायिक बालविकास केन्द्रमा सामग्रीहरुको उपलव्धता**

| बालविकास केन्द्र संख्या | टेक्सवुक | शिक्षक मार्गदर्शन | सिकाई सामग्री | वुक कर्नर | सन्दर्भ सामग्री |
|---|---|---|---|---|---|
| २२ | भएको | भएको | भएको | नभएको | भएको |

स्रोत : शिक्षा शाखा,चुलाचुली गाउँपालिका

**३.४.२) विद्यालय र विद्यार्थीको अवस्था**

यस गाउँपालिकामा जम्मा २७ वटा विद्यालयहरु रहेकाछन । जसमा चुलाचुली गाउँपालिकाका लगायत आसपासका स्थानीय तहहरुवाट समेत बालबालिकाहरु अध्ययन गर्न आउने गरेका छन । विद्यालयको संख्यात्मक विवरण निम्नानुसार रहेको छ ।

**क) तहगत विद्यालयको विवरण**

| जम्मा विद्यालय | आधारभुत१-३ | आधारभुत१-५ | आधारभुत ६-८ | माध्यमिक ९-१० | माध्यमिक ११-१२ |
|---|---|---|---|---|---|
| २७ | २ | ९ | ७ | ६ | ३ |


**ख) सामुदायिक र संस्थागत विद्यालयको विवरण**

| विद्यालयको प्रकार | आधारभुत १-३ | आधारभुत १-५ | आधारभुत ६-८ | माध्यमिक ९-१० | माध्यमिक ११-१२ | जम्मा विद्यालय |
|---|---|---|---|---|---|---|
| सामुदायिक | १ | ९ | २ | १ | ३ | १६ |
| संस्थागत | १ | ० | ५ | ५ | ० | ११ |

### ग) कक्षा १ मा भर्नादरको अवस्था

| भर्नादरको प्रकार | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| खुंद भर्नादर | ९४.११ | ९२.५५ | ९३.२ |
| कुल भर्नादर | १०६ | १०८ | १०७.२ |

चित्र नं. १० कक्षा १ मा भर्नादरको अवस्था




### घ) आधारभुत तह (कक्षा १ देखी ८ सम्मको भर्नादरको अवस्था)

| भर्नादरको प्रकार | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| खुंद भर्नादर | ८१.९५ | ९५.३ | ८८.६ |
| कुल भर्नादर | ११२ | ११३ | ११२.५ |

### ङ) विद्यालय तहमा बालबालिकाहरुको संख्या

| तह | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| कक्षा १-५ | ८०१ | ९८२ | १७८३ |
| कक्षा ६-८ | ५४८ | ५५३ | ११०१ |
| कक्षा ९-१० | २९१ | २९२ | ५८३ |
| कक्षा ११-१२ | १३७ | ७७ | २१३ |

### च) सामुदायिक र संस्थागत विद्यालयमा बालबालिकाहरुको संख्यात्मक विवरण

| सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|
| तह | बालिका | बालक | जम्मा | तह | बालिका | बालक | जम्मा |
| कक्षा १-५ | ४९७ | ५४८ | १०४५ | | ३०४ | ४३४ | ७३८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कक्षा ६-८ | ४३४ | ४१७ | ८५१ | | ११४ | १३६ | २५० |
| कक्षा ९-१० | २७२ | २६५ | ५३७ | | १९ | २७ | ४६ |
| कक्षा ११-१२ | १३६ | ७७ | २१३ | | | | |

**छ) विद्यालयमा बालबालिकाहरुको जातिगत उपस्थिति**

| विद्यालयको विवरण | दलित | | | जनजाति | | | मधेशी | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| सामुदायिक | १५६ | १३३ | २८९ | १२१४ | १२२४ | २४३८ | २० | २५ | ४५ |
| संस्थागत | २५ | ४४ | ६९ | ४८६ | ५९८ | १०८४ | २३ | ३९ | ६२ |
| जम्मा | १८१ | १७७ | ३५८ | १७०० | १८२२ | ३५२२ | ४३ | ६४ | १०७ |

**ज) कक्षा दोहोर्याउने र कक्षा छोड्नेको अवस्था**

| कक्षा दोहोर्याउने % | | | | विद्यालय छाड्ने % | | | |
|---|---|---|---|---|---|---|---|
| तह | बालिका | बालक | जम्मा | तह | बालिका | बालक | जम्मा |
| कक्षा १-५ | ५.८९ | ७.५५ | ६.७२ | कक्षा १-५ | - | - | - |
| कक्षा ६-८ | १० | २ | ६ | कक्षा ६-८ | ८.०५ | २.७ | ५.३७ |
| कक्षा ९-१० | ८.१७ | ५ | ६.५ | कक्षा ९-१० | ३ | २.५ | २.७५ |

## ३.४.३ विशेष शिक्षा सम्वन्धी व्यवस्था

सबै बालबालिकाले शिक्षा पाँउनु बालबालिकाको नैसर्गिक अधिकार हो । बालबालिकाले आफ्नो क्षमता अनुसारको शिक्षा प्राप्त गर्न पाउनु पर्छ । यसै गरी अपाङ्गता भएका बालबालिकाहरुले आफ्नो क्षमता अनुसारको शिक्षा पाउन अधिकार हो भने त्यस किसिमको शिक्षा प्रदान गर्नु राज्यको दायित्व पनि हो । यसै सन्दर्भमा चुलाचुली गाउँपालिका अपाङगता भएका बालबालिकाहरुका लागि विशेष शिक्षा सम्वन्धी कुनै पनि कक्षाहरु नभएको देखियो।

बालविकास केन्द्रमा अपाङ्गता भएका बालबालिकाहरुको उपस्थिति

बाल विकास केन्द्रहरुको भर्नालाई हेर्दा कुनै पनि अपाङ्गता भएका बालबालिकाहरु बाल विकास कक्षामा भर्ना नभएको पाइयो ।

### ३.४.३ गाउँपालिकाको साक्षरता सम्वन्धी अवस्था

चुलाचुली गाउँपालिकाको समग्र शिक्षाको अवस्था हेर्दा यस गाउँपालिकामा ८०.८% साक्षरता दर रहेको छ । जसमा पुरुष ८६.६% र महिला ७५.३% रहेको छ ।

३.४.४ विद्यालयमा शिक्षकको अवस्था र शिक्षक विद्यार्थी अनुपात

| विद्यालय | संख्या | जनशक्ति नगर शिक्षक समेत |
|---|---|---|

| सामुदायिक | | शिक्षक/ शिक्षिका | ECD सहजकर्ता | कर्मचारी र का.स. |
|---|---|---|---|---|
| आ.वि.(१-५) | १७८३ | १६७ | २८ | २९ |
| आ.वि.(६-८) | ११०१ | | | |
| मा.वि.(९-१०) | ५८३ | ३१ | | |
| मा.वि.(११-१२) | २१३ | | | |
| जम्मा | | | | |

स्रोत: शिक्षा शाखा, चुलाचुली गाउँपालिका

### ३.४.६ विद्यालय पुग्ने औषत समय

विद्यालयको दुरीले बालबालिकाहरुको सिकाईलाई असर पार्ने गर्दछ। विशेषगरी साना बालबालिकाहरुलाई विद्यालयको पहुँचमा हुनु अति आवश्यक रहेको हुन्छ । यहाँ चुलाचुली गाउँपालिकाका आधारभुत तह र माध्यमिक तहका बालबालिकाहरुलाई विद्यालय पुग्न लाग्ने औषत समयको विश्लेषण गरिएको छ ।जसमा आधारभुत तहका  बालबालिकाहरुलाई कम्तिमा १५ मिनेट र वढीमा १ घण्टा समय लाग्ने गरेको देखिन्छ भने माध्यमिक तहका बालबालिकाहरुलाई कम्तिमा १५ मिनेट र वढीमा २ घण्टा भन्दा वढी समय लाग्ने गरेको देखिन्छ ।

स्रोत : चुलाचुली गाउँपालिकाको बालमैत्री पार्श्वचित्र

### ३.४.७ विद्यालयको भौतिक पूर्वाधारको अवस्था

चुलाचुली गाउँपालिकामा रहेका २० वटा सामुदायिक विद्यालयमा ८७ प्रतिशत विद्यालयमा सामान्य भौतिक पूर्वाधारको अवस्था राम्रो रहेको छ ।यस गाउँपालिकामा रहेका विद्यालयमा ८७ वटा पक्की भवन रहेका छन ।त्यसैगरी २० वटा विद्यालयमा शौचालय रहेको छ भने २० वटा छात्रा शौचालय रहेको छ । सबै विद्यालयमा खानेपानीको प्रवन्ध गरिएको छ । १० वटा विद्यालयमा स्वच्छ खानेपानीको प्रवन्ध हुन सकेको छैन।२१ वटा विद्यालयमा विद्युत सुविधा रहेको छ ।सबै विद्यालयमा ईन्टरनेटको सुविधा रहेको छ ।३ विद्यालयमा विज्ञान प्रयोगशाला रहेको छ । ८ वटा विद्यालयमा पुस्तकालय रहेको छ । सबै विद्यालयमा बालबालिका खेल्नको लागि खेलमैदान रहेको ।सबै  विद्यालयमा  ह्वाईटवोर्डको  प्रयोग भएको छ ।

| विद्यालयको नाम | वडा नं. | भवन | डेक्स वेन्च | शौचालय | | कक्षाकोठा | पुस्तकालय | प्रयोगशाला | खेलमैदान | ह्वाईटवोर्ड /स्मार्टवोर्ड | घेरावारा | विव्यसमा बालबालिका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जनता माध्यमिक विद्याल | १ | ५ | | छात्र | छात्रा | १३ | १ | १ | भएको | ह्वाइटबोर्ड | १ | भएको |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सागर आधारभूत विद्यालय | १ | ३ | | १ | १ | ५ | | | सामान्य | ह्वाइटबोर्ड | ० | |
| शिवज्योती आधारभूत विद्यालय | १ | ५ | | १ | १ | ११ | | | सामान्य | ह्वाइटबोर्ड | ० | |
| जनता माध्यमिक विद्यालय | २ | १० | | १ | १ | १३ | १ | १ | भएको | स्मार्टबोर्ड | छ | |
| पञ्चकन्या आधारभूत विद्यालय | २ | ४ | | ३ | ३ | १० | | १ | भएको | ह्वाइटबोर्ड | छ | |
| किराँतेश्वर माध्यमिक विद्यालय | ३ | ७ | | २ | २ | १५ | १ | १ | भएको | ह्वाइटबोर्ड | छ | |
| सूर्योदय आधारभूत विद्यालय | ३ | ४ | | १ | १ | ८ | | | भएको | ह्वाइटबोर्ड | छ | |
| बालज्योती माध्यमिक विद्यालय | ४ | ८ | | २ | २ | १३ | १ | १ | भएको | ह्वाइटबोर्ड | छ | |
| किराँतचोलुङ आधारभूत विद्यालय | ४ | ३ | | १ | १ | ६ | | | सामान्य | ह्वाइटबोर्ड | छ | |
| भानु माध्यमिक विद्यालय | ५ | ६ | | २ | २ | १३ | १ | १ | भएको | ह्वाइटबोर्ड | छ | |
| बाँझोगाउँ माध्यमिक विद्यालय | ५ | ६ | | २ | २ | १३ | १ | १ | भएको | ह्वाइटबोर्ड | छ | |
| राष्ट्रप्रेमी माध्यमिक विद्यालय | ६ | ४ | | १ | १ | १३ | १ | १ | सामान्य | ह्वाइटबोर्ड | छ | |
| मिक्लाजोङ् माध्यमिक विद्यालय | ६ | ५ | | १ | १ | १३ | १ | १ | सामान्य | ह्वाइटबोर्ड | छैन | |
| गिताञ्जली आधारभूत विद्यालय | ६ | ४ | | १ | १ | १० | | | सामान्य | ह्वाइटबोर्ड | छ | |
| चुलाचुली आधारभूत विद्यालय | ६ | २ | | १ | | ६ | | | सामान्य | ह्वाइटबोर्ड | छैन | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सगरमाथा आधारभूत विद्यालय | ६ | २ | | १ | ६ | | | सामान्य | ह्वाइटबोर्ड | छैन | |
| सहिदस्मृति आधारभूत विद्यालय | ६ | २ | | १ | ४ | | | सामान्य | ह्वाइटबोर्ड | छैन | |
| नारायणज्योती आधारभूत विद्यालय | ६ | ३ | | १ | ६ | | | सामान्य | ह्वाइटबोर्ड | छैन | |
| सूर्यज्योती आधारभूत विद्यालय | ६ | ३ | | १ | ६ | | | सामान्य | ह्वाइटबोर्ड | छैन | |
| देवी स्मृति आधारभूत विद्यालय | ६ | १ | | १ | ३ | | | सामान्य | ह्वाइट बोर्ड | छैन | |

स्रोत: शिक्षा शाखा, चुलाचुली गाउँपालिका

### ३.४.८ विद्यालयको विवरण र जनशक्तिको अवस्था

| विद्यालयको नाम | वडा नं. | प्रधानाध्यापकको नाम | महिला शिक्षक | पुरुष शिक्षक |
|---|---|---|---|---|
| जनता माध्यमिक विद्यालय | १ | विशाल लिम्बु | ९ | ९ |
| सागर आधारभूत विद्यालय | १ | याम प्रसाद लिम्बु | ० | २ |
| शिवज्योती आधारभूत विद्यालय | १ | ऋमा माखिम लिम्बु | ७ | १ |
| जनता माध्यमिक विद्यालय | २ | लक्ष्मेश्वर प्रसाद बनबरीया | ९ | १६ |
| पञ्चकन्या आधारभूत विद्यालय | २ | हरिकला लिम्बु | ९ | ४ |
| किराँतेश्वर माध्यमिक विद्यालय | ३ | ऋषिराज काफ्ले | ३ | १३ |
| सूर्योदय आधारभूत विद्यालय | ३ | कल्पना चेम्जोङ | २ | २ |
| बालज्योती माध्यमिक विद्यलाय | ४ | रुद्र प्रभात गिरी | ६ | १५ |
| किराँतचोलुङ् आधारभूत विद्यलाय | ४ | गिरीराज निरौला | ५ | १ |
| बाँझोगाउँ माध्यमिक विद्यालय | ५ | गणेश कुमार अधिकारी | ७ | ६ |
| भानु माध्यमिक विद्यलय | ५ | रघुनाथ मिश्र | ७ | १० |
| गिताञ्लली आधारभूत विद्यालय | ६ | लक्ष्मण मिश्र | १ | ८ |
| चुलाचुली आधारभूत विद्यलाय | ६ | अमृता श्रेष्ठ | १ | १ |
| राष्ट्रप्रेमी माध्यमिक विद्यालय | ६ | कृष्ण कुमार राई | २ | १० |
| सगरमाथा आधारभूत विद्यलाय | ६ | भरत बहादुर शाही | ० | २ |
| सहिदस्मृति आधारभूत विद्यालय | ६ | सावित्रा श्रेष्ठ | १ | १ |
| सूर्यज्योती आधारभूत विद्यालय | ६ | श्री प्रसाद राई | ० | २ |
| नारायणज्योती आधारभूत विद्यालय | ६ | पुष्पा तामाङ | २ | |
| मिक्लाजुङ् मा.वि | ६ | सतिस कुमार साह | ५ | ६ |
| देवी स्मृति आधारभूत विद्यालय | ६ | चम्पक राई | ० | १ |

### ३.५ बालसहभागिता

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, सन् १९८९ ले १८ वर्षभन्दा कम उमेरका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको छ । यस अनुसार प्रत्येक बालबालिकासँग सरोकार राख्ने बिषयबारे जानकारी पाउने तथा बालबालिका सम्बन्धी विकास प्रक्रियामा बालबालिकाको उमेर र क्षमताको आधारमा आफ्ना विचार राख्न पाउने, सङ्गठित हुन पाउने लगायतका विषयलाई बाल सहभागिताको संज्ञा दिइएको छ । बाल सहभागिता बालबालिकाको आधारभूत अधिकार हो । विगत केही वर्षहरुदेखि राष्ट्रिय विकास योजना र बालबालिका सम्बन्धित राष्ट्रिय कार्ययोजना तर्जुमा प्रक्रियामा बालबालिकाको सहभागिता र विचार समायोजनका विषयलाई प्रोत्साहन दिएको पाइन्छ । विद्यालय वा समुदायमा आधारित बालक्लबहरू मार्फत बालबालिका विभिन्न गतिविधिमा सहभागी हुने गरेका छन् । बाल अधिकार सम्बन्धी महासन्धिका प्रावधानहरूमध्ये बालबालिकाको विचारको सम्मान (धारा १२), अभिव्यक्तिको स्वतन्त्रता (धारा १३), संगठित हुने स्वतन्त्रता (धारा १५), गोपनीयताको हक (धारा १६), सूचनामा पहुँच (धारा १७) आदि बालसहभागितासँग सम्बन्धित छन् । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८ मा आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफुलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुनेछ भन्ने उल्लेख भएको छ । यसैगरी दफा ९ को अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार अन्तर्गत - (१) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रुपमा आफ्नो कुरा राख्ने अधिकार हुनेछ, र (२) प्रत्येक बालबालिकालाई प्रचलित कानूनको अधीनमा रही आफ्नो हक, हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने अधिकार हुनेछ भन्ने व्यवस्था भएको छ । दफा १० को संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार अन्तर्गत - (१) प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्दनको लागि बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार हुनेछ, र (२) उपदफा (१) बमोजिम बालक्लब वा संस्था खोल्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ । यी व्यवस्थाहरुबाट बालबालिकाको सहभागिता, अभिव्यक्ति स्वतन्त्रता र सूचना तथा शान्तिपूर्वक भेला हुने विषयका अधिकार कानूनद्वारा नै स्थापित हुन पुगेकोछ ।

#### ३.५.१ चुलाचुली गाउँपालिकामा बालक्लवको अवस्था

चुलाचुली गाउँपालिकाको बाट मिति २०७५/११/१२ मा स्वीकृत चुलाचुली गाउँपालिकाको बालअधिकार संरक्षण तथा सम्वर्धन कार्यविधी,२०७५ को परिच्छेद ४ मा बालसहभागिताको व्यवस्था गरीएको छ ।

#### ३.५.२ बालक्लवमा बालबालिकाहरुको सहभागिताको अवस्था

चुलाचुली गाउँपालिकाको हाल १७ वटा बालक्लवहरु, ६ वडास्तरीय बालसञ्जाल र १ वटा गाउँपालिका स्तरीय बालक्लव सञ्जाल रहेको छ ।

| क्र.सं. | बालक्लव क्लवको नाम | वडा | बालक सदस्य | बालिका सदस्य | जम्मा सदस्य |
|---|---|---|---|---|---|
| १ | बालज्योती साथी साथी बालक्लव | ४ | ५ | १० | १५ |
| २ | भानु मिलन बालक्लव | ५ | ६ | ९ | १५ |
| ३ | मित्रता बालक्लव | ५ | ५ | ५ | १० |
| ४ | सिर्जनशील बालक्लव | ३ | ९ | ११ | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | सूर्योदय नमुना बालक्लव | ३ | ५ | ४ | ९ |
| ६ | गीताञ्जली बालक्लव | ६ | ५ | ६ | ११ |
| ७ | राष्ट्रप्रेमी बालक्लव | ६ | ६ | ७ | १३ |
| ८ | शिवज्योती आ.वि. प्रतिभा बालक्व | १ | ७ | ८ | १५ |
| ९ | चुलाचुली बालक्लव | ४ | ७ | ८ | १५ |
| १० | पञ्चबुद्ध एकेडेमी सि.वि बालक्लव | ४ | ८ | ५ | १३ |
| ११ | किराँतचोलुङ हिञ्जा बालक्लव | ४ | ५ | ४ | ९ |
| १२ | अन्तु बालक्लव | ३ | ६ | ५ | ११ |
| १३ | पञ्चकन्या आ.वि सफल बालक्लव | २ | ७ | ४ | ११ |
| १४ | समावेशी बालक्लव | १ | ८ | ७ | १५ |
| १५ | मिक्लाचोङ मा वि अभियान बालक्लव | ६ | ७ | ८ | १५ |
| १६ | जनता मा वि हातेमालो बालक्लव | २ | ७ | ७ | १४ |
| १७ | सनफ्लावर बालक्लव | २ | ६ | ५ | ११ |
| १८ | अमृत बालक्लव | २ | ८ | ७ | १५ |

३.५.३ गाउँपालिकास्तरमा बालबालिकाको सहभागिताको अवस्था

यस गाउँपालिकामा बालबालिकासँग सम्वन्धित विभिन्न संयन्त्रहरुको प्रवन्ध गरिएको छ । जसमा बालबालिकाको सहभागिताको विषयलाई विभिन्न कानूनी तथा नीतिगत प्रवन्ध गरी सहभागिता सुनिश्चित गरिएको छ । जसको अवस्था निम्नुसार रहेको छ ।

| क्र.सं. | प्रतिनिधित्व गरेको संयन्त्र | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | विद्यालय व्यवस्थापन समिति | | | |
| २ | स्वास्थ्य व्यवस्थापन समिति | ९ | ९ | १८ |
| ३ | वडा बाल अधिकार समितिहरु वडा नं १-५ | ५ | ५ | १० |
| ४ | पालिका बाल अधिकार समिति | १ | १ | २ |
| ५ | बालमैत्री वडा समिति | ३ | ३ | ६ |
| ६ | पालिकास्तरीय बालमैत्री स्थानीय शासन समिति | १ | १ | २ |

# परिच्छेद ४

# संस्थागत प्रवन्ध

## ४.१)गाउँपालिकावाट बालबालिकाको विषयमा गरिएका नीतिगत प्रवन्धहरु

चुलाचुली गाउँपालिकावाट विभिन्न समयमा विभिन्न ऐन, नियमावली, कार्यविधि तथा निर्देशिकाहरु जारी भएका छन । ति ऐन,कानूनहरु कुनै न कुनै रुपवाट बालबालिकासँग सम्वन्धित रहेका छन । यसर्थ यहाँ बालबालिकासँग सम्वन्धित रहेका ऐन कानूनहरुको सुची प्रस्तुत गरिएको छ ।

१. बाल अधिकार संरक्षण तथा सम्बर्धन सम्बन्धी कार्य सञ्चालन कार्यविधि २०७५

२. बालबालिका सम्बन्धित नीति २०७५

३. बालकोष सञ्चालन कार्यविधि २०७८

४.२) आ.व.२०८२/८३को नीति तथा कार्यक्रममा बालबालिकाको विषय

चुलाचुली गाउँपालिकाको आ.व.२०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रममा बालबालिका सम्वन्धी व्यवस्था निम्नानुसार गरेको छ ।

- ❖ **चुलाचुली गाउँपातलकालाई बालमैत्री गाउँपातलका घोषणा गर्ने कार्य अगाडी बढाइनेछ।**
- ❖ **बाल क्लव र बाल सञ्जा ललाई सशक्त बनाई बालबातलका हक अधिकारको संरक्षण तथा सम्वर्धन हुने कार्यक्रम सञ्चालन गररनेछ।**
- ❖ **बाल विवाह अन्त्यका लागि कशोरी सशजक्त करण कार्यक्रम प्रभावकाररिका साथ सञ्चालन गररनेछ।**
- ❖ **बालवातलकालाई घरेलु कामदारको रूपमा प्रयोग गर्न वा राख्न बन्देज गररनेछ।**
- ❖ **विद्यालयमा अध्ययनरत ६ कक्षा सम्मका विद्यार्थीहरुलाई केन्द्रीय सरकारको नीति अनुरूपको दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ।**
- ❖ **बाबुरआमा नभएका वा असहाय , अति विपन्न बालबातलकाको पढ्न पाउने अतिकार अन्द्िगिि र् वद्यालर् भनाि अतभरनमा अर्वभावकत्व ग्र हण गने तनतिलाई तनरन्द् िरि र् दइनेछ।**
- ❖ **बाल बचि कार्िलाई प्र ोत्साहन गनि स् थानीर् िहमा सञ्चातलि सहकारी संस्था मार्िि कार्िक्रम सञ्चालन गररनेछ।**
- ❖ **गाउँपातलका क्षे रतभर रहेका स् वास्ृ्र् संस्थाहरू मार् ि ् िप्रत्र्े क वडाका र् वद्य ालर् हरू मा कजम् िमा मर्हनाको एक पटक स् वास्ृ्र् जशर् वर सञ्च ालन गरी बालबातलकाहरू को स् वस्ृ्र् जाँच गरी कुपोर् षि बालबातलकाहरूलाई अस्पिालमा उपचारका लातग समन्द् वर् गररनेछ।**
- ❖ **बालबातलकाको स् वास्ृ्र् लाई ख्र् ाल गदै सामुदार्् क िथा संस् थागि र् वद्य ालर् आसपासको क्षे रमा स् वास््र्लाई हानीकारक खाद्य िथा पेर् सामाग्र ीहरू ९जङ्क र्ु ड, सुिीजन्द्र् िथा मर्दराजन्द्र् पदाथि आर्द ० को तबक्री र् विरणलाई तनरुत्साहर् ि गररनेछ।**

४.३) संरचनागत प्रवन्ध : बालमैत्री स्थानीय शासन राष्ट्रिय निर्देशिका २०७८ अनुसार चुलाचुली गाउँपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गर्ने कार्यलाई पुरा गर्न २०८४ भित्र बालमैत्री स्थानीय शासनयुक्त चुलाचुली गाउँपालिकाको लक्ष्य निर्धारण गरिएको छ । सोही अनुरुप संस्थागत प्रवन्धका रुपमा निम्नानुसारको व्यवस्था गरिएको छ ।

१) बालमैत्री स्थानीय शासन गाउँ समितिको गठन

बालमैत्री स्थानीय शासन राष्ट्रिय निर्देशिकाले तोके वमोजिम गाउँपालिका अध्यक्ष श्री राजेन्द्र केरुङज्यूको अध्यक्षतामा गाउँपालिका स्तरीय बालमैत्री स्थानीय शासन समिति गठन गरिएको छ ।

अध्यक्ष : श्री राजेन्द्र केरुङ् गाउँपालिका अध्यक्ष

उपाध्यक्ष : श्री दिल कुमारी लिम्बु योङ्हाङ गाउँपालिका उपाध्यक्ष

सदस्य : श्री विकास विश्वकर्मा .गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत

सदस्य :श्री पूर्ण लावती – १ नं वडाअध्यक्ष

सदस्य श्री लक्ष्मण श्रेष्ठ – २ नं वडाअध्यक्ष

सदस्य श्री प्रेम कुमार श्रेष्ठ – ३ नं वडाअध्यक्ष

सदस्य श्री सागर जबेगु – ४ नं वडाअध्यक्ष

सदस्य श्री बबिन वान्तवा – ५ नं वडाअध्यक्ष

सदस्य श्री दिल कुमार राई – ६ नं वडा अध्यक्ष

सदस्य श्री दिल माया राई - कार्यपालिका सदस्य

सदस्य श्री कमला विक – कार्यपालिका सदस्य

सदस्य श्री गंगा सुवेदी – कार्यपालिका सदस्य

सदस्य श्री पद्ममा कुरुङ्फोङ थुलुङ – कार्यपालिका सदस्य

सदस्य श्री विशु कुलुङ- कार्यपालिका सदस्य

सदस्य श्री नरेन्द्र कुमार वान्तवा- कार्यपालिका सदस्य

सदस्य : श्री दुष्यन्त दहाल – स्वास्थ्य शाखा प्रमुख

सदस्य : श्री प्रदिप मगर – शिक्षा युवा तथा खेलकुद शाखा

सदस्य श्री रीता पोखेल महिला तथा बालबालिका,

सदस्य श्री तीर्थराज खरेल – प्रशासन शाखा प्रमुख तथा वातावरण खानेपानी तथा सरसफाई शाखा

सदस्यः श्री महिला तथा बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाहरुवाट अध्यक्षले मनोनयन गरेको १ महिला सहित २ जना श्री विनिता गिरी

श्री देवेन्द्र पौडेल

सदस्य : श्री विद्यालय व्यवस्थापन समितिवाट अध्यक्षले मनोनयन गरेको १ जना श्री हर्क कुरुङ्झाङ राई

सदस्य : श्री स्वास्थ्य व्यवस्थापन समितिवाट अध्यक्षले मनोनयन गरेको १ जना श्री गिता खत्री दहाल

सदस्य : श्री महिला शिक्षक अध्यक्षले मनोनयन गरेको १ जना श्री सुमित्रा पोखेल

सदस्य : श्री महिला स्वस्थ्य स्वंयमसेविका अध्यक्षले मनोनयन गरेको १ जना श्री पवि राई

सदस्य : श्री गाउँ बालसञ्जाल अध्यक्ष श्री शिखा लिम्बु

सदस्य : श्री बालिका सदस्य गाउँबालसञ्जाल श्री प्रदिप दहाल

सदस्य :श्री महिला, बालबालिकाको क्षेत्रमा कार्यरत सामुदायिक संस्थावाट अध्यक्षले मनोनयन गरेको महिला १ जना श्री. सीता कुमारी लावती

सदस्य सचिवः श्री राम प्रसाद मिश्र सामाजिक विकास शाखा प्रमुख

**२) गाउँ बालअधिकार समिति गठन**

बालबालिका सम्बन्धि ऐन २०७५ बालबालिका सम्बन्धि नियमावली २०७८ तथा चुलाचुली गाउँपालिकाको बाल अधिकार संरक्षण तथा सम्वर्धन सम्बन्धी कार्य सञ्चालन कार्यविधि २०७५ को दफा बमोजिम तपसिल बमोजिम पदाधिकारीहरु रहेको एक बाल अधिकार समिति गठन भई क्रियाशील रहेको छ ।

संयोजक श्री दिल कुमारी लिम्बु योङहाङ् – गाउँपालिका उपाध्यक्ष
सदस्य श्री शिखा लिम्बु – गाउँ बाल सञ्जाल अध्यक्ष
सदस्य श्री प्रदिप दहाल – गाउँ बाल सञ्जाल सदस्य
सदस्य श्री इश्वारा निरौला – महिला स्वास्थ्य स्वयंसेविका
सदस्य श्री देवेन्द्र पौडेल – गैसस प्रतिनिधि
सदस्य श्री मिलन रुम्दाली – आदिवासी जनजाती अल्पसंख्यक दलित तथ पिछडिएका वर्ग समुदायको यथासम्भव प्रतिनिधित्व हुने गरी कम्तिमा १ सदस्य
सदस्य श्री अरुणा सिवा – आदिवासी जनजाती अल्पसंख्यक दलित तथ पिछडिएका वर्ग समुदायको यथासम्भव प्रतिनिधित्व हुने गरी कम्तिमा १ महिलाको प्रतिनिधित्व
सदस्य श्री नारायण कुवँर – पेल्टिमारी प्रहरी चौकी इन्चार्ज
सदस्य श्री विद्यानाथ पोखेल – अपाङ्गता भएका संस्थाको प्रतिनिधि
सदस्य सचिव श्री रीता पोखेल- बालकल्याण अधिकारी

### ३.बालमैत्री कार्यक्रम कार्यान्वयन सहजिकरण समिति

विकास विश्वकर्मा – संयोजक- प्रमुख प्रशासकीय अधिकृत
मिलन कुमार भट्टराई – सदस्य
तिर्थराज खरेल – सदस्य
उपेन्द्र पौडेल – सदस्य
डिल्लीराज खड्का – सदस्य
राम प्रसाद मिश्र – सदस्य
दुष्यन्त दहाल – सदस्य
सम्झना केरुङ – सदस्य
रीता पोखेल – सदस्य सचिव

### ४) बालमैत्री फोकलपर्शन र बालईकाईको व्यवस्था

यस गाउँपालिकाका बालकल्याण अधिकारी श्री रीता पोखरेललाई फोकल पर्शनको रुपमा तोकी महिला बालबालिका शाखालाई बालकल्याण ईकाइको रुपमा व्यवस्था गरिएको छ ।

### ५) बालमैत्री घोषणाका लागि वडा छनौट

पहिलो चरणमा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका लागि वडा नं.३ र ५ लाई छनौट गरि बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भएको र यस आर्थिक वर्षमा वडा नं.२ बालमैत्री वडा घोषणाको चरणमा रहेको छ ।

**६) गाउँपालिकामा सुचिकृत बालमनोविज्ञ र समाजसेवीको विवरण**

**बालबालिका सम्वन्धी ऐन,२०७५ को दफा ६६ ले व्यवस्था गरे वमोजिम यस गाउँपालिकामा निम्नानुसारको बालमनोविज्ञ र समाजसेवी सुचिकृत गरिएको छ ।**

| क.सं. | नामथर | ठेगाना | मनोविज्ञ/समाजसेवी | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | स्वस्तिका पोखेल | विराटनगर मोरङ | मनोविज्ञ | |
| २ | मणी कुमार केरुङ | चुलाचुली – ३ इलाम | मनोविज्ञ | |
| ३ | रोमिला गौतम | इलाम नगरपालिका | समाजसेवी | |

**७) बालकोषको व्यवस्था**

बालबालिका सम्वन्धी ऐन,२०७५ को दफा ६३ ले व्यवस्था गरे वमोजिम यस पालिकामा बालकोषको स्थापना गरि परिचालन गरिएको छ ।हालसम्म बालकोषबाट रकम परिचालन भएको भने छैन ।

**८) बालमैत्री आचार संहिता**

**१। अभिभावकहरुले पालना गर्नुपर्ने आचारसंहिता**

हामी आफ्ना बालबालिकालाई मादक पदार्थ, लागूपदार्थ र सूर्तिजन्य पदार्थ सेवन गर्न र ओसारपसारमा संलग्न गराउने छैनौं ।

आफ्ना बालबालिकालाई समय तालिका अनुसार पढ्ने, लेख्ने, सुन्ने र मनोरञ्जन गर्ने वातावरण सिर्जना गर्नेछौं ।

हामी आफ्ना बालबालिकालाई नियमित रुपमा विद्यालय पोशाकमा विद्यालय पठाउने छौं ।

बालबालिकाको चौतर्फी विकासमा सहयोग पुग्ने बालक्लब एवम् बालबालिका आवद्ध भएको बैठकमा सहभागिता गराउनेछौं ।

प्रत्येक घरमा बालबालिकामैत्री शौचालय र अन्य भौतिक पूर्वाधार निर्माण गर्नेछौं र गर्न लगाउने छौं ।

बालबालिकालाई घरायसी निर्णय प्रक्रियामा सहभागी गराई आफ्नो कुरा निर्धक्क सँग भन्ने वातावरण सिर्जना गर्नेछौं ।

नियमित खोप लगाउनुका साथै पोषणयुक्त सन्तुलित भोजन आफ्ना नानीहरुलाई खुवाउने छौं ।

कुनैपनि बालबालिकालाई बालश्रमिकको रुपमा प्रयोग गर्ने गराउने छैनौं ।

बालबालिकालाई बालअधिकार र बाल कर्तव्यका कुराहरु सिक्न प्रेरित गर्दै अवसर पनि प्रदान गर्नेछौं।

हाम्रा बालबालिकालाई दुर्व्यवहार, अपहरण जस्ता कार्यहरुबाट बचाउनका लागि सदैव चनाखो रहनेछौं ।

हाम्रा बालबालिकाको बालविवाह गराउने छैनौं र यस बारेमा हाम्रा बालबालिकालाई समेत सचेत गराउनेछौं ।

हाम्रा बालबालिकाको स्वास्थ्यमा ध्यान दिंदै नियमित सरसफाई गराउनेछौं ।

हाम्रो बालबालिकाको जन्मदर्ता समयमै गराउनेछौं ।

सार्वजनिक स्थानमा निर्माण हुने बाटो, पोखरी, खेल मैदान, पार्क, सार्वजिनक धारा, सामुदायिक भवनहरु, आदि निर्माण गर्दा बालमैत्री र अपाङ्गमैत्री बनाउन पहल गर्नेछौं ।

विद्यालय तथा पालिकाले आमन्त्रण गरेका बालबालिका सम्बन्धित कार्यक्रमहरुमा अनिवार्य र सकृय उपस्थिती जनाउने छौं ।

**२। बालबालिकाले पालना गर्नुपर्ने आचारसंहिता**

- धुम्रपान, सूर्तिजन्य र मादक पदार्थको प्रयोग तथा खरिद बिक्रीमा संलग्न हुने छैनौं ।
- बाल विवाहको लागि कुनै पनि अवस्थामा मञ्जुरी हुने छैनौं र हुन दिने पनि छैनौं ।
- विद्यालयले बनाएको नियमको पालना गर्दै उच्छृङ्खल व्यवहार नगरी अनुशासित बन्ने छौं ।
- विद्यालय उमेरका सम्पूर्ण बालबालिका नियमित रुपमा विद्यालय पोशाकमा विद्यालय जानेछौं ।
- बालक्लबहरुमा सक्रिय सहभागिता जनाउँदै कसैलाई कुनै पनि किसिमको भेदभाव गर्ने छैनौं ।
- आफूले नबुझेको र नजानेको कुरा शिक्षक तथा अभिभावकलाई सोध्ने छौं साथै पारिवारिक छलफल तथा निर्णयमा सहभागी हुनेछौं ।
- पोषिलो खानेकुरा खानेछौं साथै अरु बालबालिकालाई पनि खान र अभिभावकलाई दिन प्रेरित गर्नेछौं ।
- बालविवाह, बालयौन दुर्व्यवहार तथा बालश्रमको बारेमा थाहा पाएसम्मका घटना बारे सम्बन्धित निकायमा जानकारी दिनेछौं ।
- विद्यालय र समुदाय स्तरमा सञ्चालित विभिन्न अतिरिक्त क्रियाकलापहरुमा सहभागिता जनाई निर्धक्क रुपमा आफ्नो हक अधिकारको बारेमा कुरा राख्नेछौं ।
- अपरिचित व्यक्तिको ललाई फकाई र प्रलोभनमा फस्ने छैनौं, आवश्यक परेको खण्डमा अभिभावकसँग अनुमति लिएर मात्र बाहिर निस्कने छौं ।
- शौचालयमा दिसापिसाव गर्नुका साथै साबुन पानीले हातधुने बानी बसाल्नेछौं ।
- जन्मदर्ता नभएका र खोप नलाएका बालबालिकालाई सम्बन्धित सेवा लिन भन्ने छौं ।
- विपन्न र अपांगता भएका बालबालिकासँग हातेमालो गर्दै राम्रो व्यवहार गर्नेछौं ।

**३। विद्यालयले पालना गर्नुपर्ने संस्थागत आचारसंहिता**

- बालबालिकालाई लागू पदार्थ तथा लागू पदार्थजन्य सामग्री प्रयोगमा निरुत्साहित गर्नेछौं ।
- बालबालिका माथि गरिने हिंसा, दुव्यवहार, शोषण रोक्न व्यवहारमा लागू गर्नेछौं र सचेतना फैलाउनेछौं ।
- शिक्षक र विद्यालय व्यस्थापन समितिको नीति/नियम गम्भीरताका साथ पालना गर्नेछौं ।
- बालबालिकालाई अनिवार्य रुपमा विद्यालयको पहुँचमा ल्याउनेछौं तथा विद्यालयमा विद्यार्थीको टिकाउका लागि विशेष पहल गर्ने छौं ।
- बालक्लबको आवश्यकता र महत्वबारे बुझाउने, बालक्लब गठन र परिचालनमा सहयोग गर्ने छौं ।
- बालबालिकाको विचार र भावनाको कदर गर्दैकुनै पनि प्रतिकूल व्यवहार गर्ने छैनौं ।
- बालबालिकाका सरोकार राख्ने बिद्यालयका कार्यक्रममा अर्थपूर्ण बाल सहभागिताको सुनिश्चितता गर्नेछौं ।
- पूर्णखोप र सुरक्षित मातृत्व सम्बन्धी समेत बालवालिकालाई चेतना फैलाउनेछौं ।
- बालबालिकालाई जाति, धर्म, पेशा, लिङ्ग, भाषा र वर्गको आधारमा विभेद गरिने छैन ।
- बालबालिकालाई हिंसा, यातना, दुर्व्यवहार, शोषण जस्ता अमानवीय कार्यबाट बचाउन बालसंरक्षण नीति कडाइका साथ कार्यान्वयनमा ल्याउनेछौं ।

- बिद्यालय र बालबालिकाको सरसफाइसँग विशेष सचेत रहने छौं ।
- बिद्यालय भर्ना हुदाँ अनिवार्य जन्मदर्ता गराउन आग्रह गर्नेछौं ।
- गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गर्नुका साथै निर्माण गरिने भौतिक संरचना बालमैत्री बनाउने छौं ।
- विद्यालय हाताभित्र मद्यपान गरि आउने छैनौं र धुम्रपान गर्ने छैनौं र सचेत गराउने छौं ।
- अपाङ्गता भएका बालबालिकाहरुको विकास र सहभागितामा ध्यान दिनेछौं ।
- विद्यालयमा रहेका बालबालिका कुनैपनि प्रकारको जोखिममा रहेको बारेमा थाहा पाए सम्बन्धित निकायमा जानकारी दिनेछौं ।

४। **विद्यालय व्यवस्थापन समितिको आचारसंहिता**

- बालबालिकाको शैक्षिक विकासका निम्ति विद्यालयको अल्पकालीन र दीर्घकालीन उद्देश्यहरू निर्धारण गरी विद्यालय सुधार योजनाको निर्माण तथा कार्यान्वियन गर्ने ।
- समितिको नियमित बैठक बस्ने र निर्णय कार्यान्वियन गर्ने गराउने ।
- नियमित रूपमा विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय क्रियाकलापहरूको अनुगमन, निरीक्षण गर्ने साथै प्रधानाध्यापक तथा शिक्षकहरूलाई आवश्यक सुझाव दिने ।
- विद्यालयमा आइपरेका समस्याहरू छलफलद्वारा समाधान गर्ने ।
- आवश्यक स्रोत जुटाउने, खर्च व्यवस्थापन गर्ने र लेखापरीक्षण गराई हिसाब पारदर्शी गर्ने ।
- गल्तिको सजाय भौतिक रुपमा नगरी सम्झाएर गर्ने गराउने व्यवस्था गर्ने ।
- आवश्यकता अनुसार शिक्षक, अभिभावक, सरकारी तथा गैरसरकारी संस्थाहरू र बालक्लबसँग अन्तरक्रिया गर्ने ।
- विद्यालयको भौतिक समुन्नतिका लागि विशेष पहल गर्ने ।
- घरदैलो गरी बालबालिकालाई विद्यालय पठाउन अभिभावकलाई अनुरोध गर्ने र विद्यालय जानबाट वञ्चित बालबालिकाका लागि विद्यालय भर्ना अभियान सञ्चालन गर्ने ।
- आर्थिक अवस्था कमजोर भएका बालबालिकालाई दाता संस्थाहरूसँग समन्वय गरी छात्रवृत्तिको व्यवस्था मिलाउने ।
- अभिभावकहरुलाई सचेतना कार्य सञ्चालन गरिनेछ ।
- बालक्लब गठन गर्न प्रोत्साहन गर्दै व्यवस्थापन समितिको बैठक तथा विद्यालयले सञ्चालन गरेका क्रियाकलापहरूमा बालबालिका सहभागी गराउने ।
- मादक तथा लागू पदार्थ खाएर विद्यालयमा प्रवेश नगर्ने र विद्यालयमा शिक्षक, कर्मचारी तथा विद्यार्थीहरू माथि दुर्व्यवहार नगर्ने ।
- बेला बेलामा व्यवस्थापन समिति र शिक्षकहरूको संयुक्त वैठकको व्यवस्था गर्ने ।
- विद्यालयलाई बालमैत्री र भयरहित सिकाइको वातावरण बनाउन पहल गर्ने र शिक्षक-शिक्षिकालाई तालिममा भाग लिन उत्प्रेरित गर्ने ।
- विद्यालयको गुणात्मक शैक्षिक विकास तथा तहगत स्तरोन्नतिको लागि पहल गर्ने ।
- रिक्त दरबन्दीमा दक्ष, अनुभवी तथा उच्च शैक्षिक योग्यता भएका शिक्षक पदस्थापनाका लागि पहल गर्ने ।

- विद्यालयमा राजनैतिक, धार्मिक, साम्प्रदायिक वा कुनै किसिमको प्रभावलाई अन्त्य गरी विद्यालय शान्ति क्षेत्रको रूपमा विकसित गराउने ।
- विद्यालयको शैक्षिक गतिविधिमा स्तरोन्नतिका लागि अभिभावक, शिक्षक, विद्यार्थी, कर्मचारी तथा सरोकारवालाहरूबाट प्राप्त सुझाव र सल्लाह लिएर कदम चाल्ने ।

**५। नीजि क्षेत्रको आचारसंहिता**

- बालबालिकाहरुलाई सुर्तिजन्य, नसालु र मादक पदार्थजन्य सामग्री विक्री वितरण गर्ने छैनौं ।
- बालबालिकालाई कुनै प्रकारको श्रमजन्य कार्यमा संलग्न गराउने छैनौं ।
- बालबालिकामाथी हानी हुने कुनै प्रकारको कार्य गर्ने छैनौं ।

**६। राजनैतिक दल तथा गैरसरकारी क्षेत्र**

- बालबालिका सम्वन्धि कार्यक्रमहरुमा बालबालिकाको सहभागितालाई महत्त्व दिईनेछ ।
- बालबालिकाहरुलाई कुनै प्रकारका र्‍याली जुलुसहरुमा संलग्न गरिने छैन ।
- बालबालिका सम्वन्धी कार्यक्रमहरुलाई गाउँपालिकाको एकद्वार प्रणाली मार्फत सञ्चालन गर्नेछौं ।
- बालबालिकालाई कुनैपनि राजनैतिक गतिविधिमा संलग्न गर्नेछैनौ ।

**७। गाउँपालिकाको संस्थागत आचारसंहिता**

- बालबालिकालाई लागुपदार्थ तथा लागु पदार्थजन्य सामाग्री प्रयोगमा निरुत्साहित गर्नेछौं । बालबालिकालाई सूर्तिजन्य, मदिराजन्य तथा लागुपदार्थजन्य सामग्रीबाट टाढा राख्न विशेष नीतिगत व्यवस्था गरी कडाईका साथ कार्यान्वयनमा ल्याउनेछौं ।
- बालबालिका उपर गरिने हिंसा, दुर्व्यवहार तथा शोषण रोक्न व्यवहारिक प्रयोग गर्नेछौं र सो को लागि सचेतना फैलाउनेछौं ।
- विद्यालय उमेरका सबै बालबालिका विद्यालय जाने र अन्यलाई जीवनोपयोगी र व्यावसायिक सीप सिकाइने व्यवस्था गर्नेछौं ।
- बालक्लव आवश्यकता र महत्त्वबारे वुझाउने, बालक्लव गठन र परिचालनमा सहयोग गर्ने ।
- बालबालिकाको विचार भावनाको कदर गर्दै कुनैपनि प्रतिकुल व्यवहार नगर्ने ।
- बालबालिकाको लागि वजेट तर्जुमा गर्दा र प्रत्यक्ष सरोकार राख्ने विषयका योजना निर्माण कार्यान्वयन र मूल्यांकनका चरणहरुमा अर्थपूर्ण बाल सहभागिताको सुनिश्चितता गर्नेछौं ।
- बाल स्वास्थ्य र सुरक्षित मातृत्व सम्वन्धी जनचेतना फैलाउनेछौं ।
- बालश्रम निषेध र नियमित गर्न बनेको ऐन कडाईका साथ कार्यान्वयनमा ल्याउने छौं ।
- बालबालिकालाई कुनै पनि प्रकारले विभेद गरिने छैन ।
- बाल विवाहलाई पूर्ण रुपमा निषेध गरिनेछ र बाल विवाहलाई सामाजिक बहिष्कार गरिनेछ ।
- बालबालिकाको संरक्षणको विषयलाई कार्यान्वयन गर्न बालसंरक्षण नीति तर्जुमा गरि कडाईका साथ कार्यान्वयनमा ल्याउनेछौं ।
- जन्मदर्तालाई शतप्रतिशत बनाउने छौं र यसलाई निरन्तरता दिनेछौं ।
- सरसफाईसँग सम्वन्धित कार्यक्रमहरुलाई प्रभावकारी वनाउनेछौं ।
- बालबालिकासँग सम्बन्धित भौतिक पूर्वाधार निर्माणलाई बालमैत्री, अपांगमैत्री र लैंगिक मैत्री बनाउनेछौं । गाउँपालिका क्षेत्रभित्र निर्माण हुने सार्वजनिक संरचनाहरु जस्तै बाटो, खेल मैदान, पार्क, सार्वजिनक धारा,

सामुदायिक भवनहरु, आदि निर्माण गर्दा बालमैत्री, अपांगमैत्री र लैंगिकमैत्री र बाल सुरक्षाको दृष्टिले सुरक्षित हुनुपर्ने व्यवस्था गर्नेछौं ।

# परिच्छेद ५

# निश्कर्ष

नेपालको संविधानमा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकताको रुपमा लिइएको छ । धारा ३९ अन्तर्गत बालबालिकाको हक शीर्षकमा १० वटा उपधारामा बालबालिकाको शिक्षा, स्वास्थ्य लगायत विकास, संरक्षण, सहभागिता सम्बन्धी अधिकार प्रत्याभूत गरिएको छ । यस संविधानमा बाल अधिकारका मूलभूत सिद्धान्तहरुसहित बाल अधिकारका आधारभूत मान्यताहरुलाई स्पष्ट रुपमा अङ्गीकार गरिएकोले बाल अधिकारको दृष्टिकोणबाट यो संविधान उत्कृष्ट देखिएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ मा बालबालिकाको बाँच्न पाउने अधिकार, विकास सम्बन्धी शिक्षा र स्वास्थ्यको सेवा सुविधा पाउने अधिकार, भेदभाव बिरुद्धको अधिकार, संरक्षणको अधिकार, सहभागिताको अधिकार, अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार लगायतका बालबालिकाको १३ वटा मूलभूत अधिकारहरु सुनिश्चित गरिएका छन् । बालबालिकाप्रति राज्यको, संघसंस्था तथा निकायको, परिवार वा संरक्षकको एवम् सञ्चार क्षेत्रको दायित्व सम्बन्धी प्रावधानहरु समावेश गरिएका छन् । यस अतिरिक्त, बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु तथा सबैलाई सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुने भन्ने उल्लेख भएको छ । यी यावत प्रावधानहरुलाई मध्यनजर राख्दा बालबालिका सम्बन्धी ऐन, २०७५ बालबालिकाको समग्र हक, हित र अधिकारलाई समेटिएको एक बालमैत्री कानून हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले बालबालिकाका लागि आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई लगायत बाल संरक्षणसंग सम्बन्धित विविध विषयगत पक्षहरुमा स्थानीय सरकारका अङ्गहरुले गर्नुपर्ने कार्यहरुलाई समावेश गरेको छ । यस अतिरिक्त अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, जनस्वास्थ्य सेवा ऐन, २०७५, सामाजिक सुरक्षा ऐन, २०७५, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ जस्ता कानूनी व्यवस्था भएबाट नेपाल सरकार बाल अधिकार सुनिश्चितताको दिशातर्फ उन्मुख भएको देखिएको छ । नेपाल संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को एक पक्षधर राष्ट्र हो । नेपाल सरकारले संयुक्त राष्ट्र संघको बाल अधिकार महासन्धिलाई अनुमोदन गरेपछि बालबालिकाको विषयलाई राष्ट्रिय प्राथमिकतामा राखी विभिन्न कार्यहरु गरिरहेको सबैलाई विदितै छ । वि.सं. २०४८/०४९ सालतिर प्राथमिक तहमा बालबालिकाको खुद भर्नादर ६४ प्रतिशत रहेकोमा हाल करिब ९७.० प्रतिशत पुगेको छ । प्राथमिक शिक्षामा छात्रमा छात्राको अनुपात ०.५६ बाट बढेर १.०९ पुगेको छ । माध्यमिक शिक्षा (कक्षा ९-१०) मा यो अनुपात ०.४३ बाट बढेर १.० पुगेको छ । घट्दो जन्म दरका कारण विद्यालय स्तरमा विद्यार्थीको संख्या घट्ने क्रममा रहेको देखिएको छ । यसैगरी सोही अवधिमा नवजात शिशु मृत्युदर प्रति हजारमा ५० जना रहेकोमा २१ मा, शिशु मृत्युदर प्रति हजारमा १०८ जना रहेकोमा ३२ जनामा र बाल मृत्युदर प्रति हजारमा १६२ रहेकोमा ३८ जनामा झरेको छ । बालबालिकामा कुपोषणको दर पनि उल्लेख्य मात्रामा घटेको देखिएको छ । बाल स्वास्थ्यको क्षेत्रमा भएको यस किसिमको उपलब्धिका लागि नेपालले

अन्तर्राष्ट्रिय पुरस्कार समेत पाइसकेको छ । बाल संरक्षण र अधिकारको विषयमा भएका यस्ता नतिजाहरु उत्साहवद्र्धक रहेको छ । यो तथ्य बालबालिका सम्बन्धी समष्टिगत सूचकाङ्कले स्पष्ट पारेको छ ।

चुलाचुली गाउँपालिकाले गाउँपालिकालाई बालमैत्री गाउँपालिकाको रुपमा कार्यान्वयन गर्न आवश्यक सबै प्रकृयाहरुलाई अवलम्वन गरेको छ । बालबालिका सम्वन्धी ऐन,२०७५ ले व्यवस्था गरेको सबै प्रावधानहरुलाई पुरा गरेको अवस्था रहेको छ । बालबालिका सम्वन्धी ऐन,२०७५ले बालबालिका सम्वन्धी कार्यविधि निर्माण गर्नुपर्ने व्यवस्थालाई चुलाचुली गाउँपालिकाको बालअधिकार संरक्षण तथा सम्वर्दन कार्यविधि २०७५ जारी भई लागु भएको अवस्था रहेको छ । त्यसैगरी बालबालिका सम्वन्धी ऐन,२०७५ले व्यवस्था गरे अनुरुप पालिकास्तरीय बालअधिकार समिति र वडा स्तरीय बालअधिकार समितिहरु गठन भएका छन । बालबालिका सम्वन्धी ऐन, २०७५ को दफा ६१ अनुसार बालकल्याण अधिकारी तोकी बालबालिका शाखा समेतको व्यवस्था भएको छ । त्यसैगरी वडास्तरीय बालसञ्जाल गठन, बालक्लवहरुको गठन र गाउँपालिकामा दर्ता गर्ने व्यवस्था गरिएको छ ।बालबालिका सम्वन्धी संयन्त्रहरुमा बालबालिकाको सहभागिता सुनिश्चित गरिएको छ ।

समग्रतामा बालबालिकाको विषयलाई गाउँपालिकाले प्राथमिकतामा राखी कार्य गरिरहेको छ । बालमैत्री गाउँपालिका वनाउन गाउँपालिकाको सबै संयन्त्रहरु व्यवस्थित र परिचालित गरिएको छ ।

**सन्दर्भ सामग्रीहरु**

नेपालको संविधान (२०७२)
बालबालिका सम्बन्धी ऐन, २०७५
अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५
अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५
आवासको अधिकार सम्बन्धी ऐन, २०७५
सेक्सुयल एक्सप्लोइटेसन अफ चिल्ड्रेन अनलाइन इन नेपाल, २०१७
केन्द्रीय तथ्याङ्क विभाग/आइएलओ, नेपाल बालश्रम प्रतिवेदन, २०१२
केन्द्रीय तथ्याङ्क विभाग, नेपाल जीवन स्तर सर्वेक्षण, सन् २०११
केन्द्रीय तथ्याङ्क विभाग, नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्भेक्षण, २०२२
केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०७८
शिक्षा मन्त्रालयको फ्लेस रिपोर्ट, २०८०
राष्ट्रिय बालअधिकार परिषद् ,नेपालका बालबालिकाको स्थिति प्रतिवेदन, २०८०
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२
गाउँपालिकाको नीति तथा कार्यक्रम
गाउँपालिकाको शिक्षा, स्वास्थ्य शाखा प्रतिवेदन
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, बालबालिका सम्बन्धी राष्ट्रिय नीति, राष्ट्रिय परिचयपत्र तथा केन्द्रीय पञ्जीकरण विभाग, २०७६
चुलाचुली गाउँपालिकाको पार्श्वचित्र,